मिति २०७१।९।१३

यस नगरपालिकाको २० औं नगरपरिषद् बैठक नगर प्रमुख एवं कार्यकारी अधिकृत श्री प्रवीण ढकालको अध्यक्षतामा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति**

श्री प्रवीण ढकाल - प्रमुख एंव कार्यकारी अधिकृत, कमलामाइ नगरपालिका, सिन्धुली ।

## निर्णयहरु

निर्णय नं १. : यस नगरपालिकाको नियमित कार्य संचालन तथा विकास निर्माण लगाएतका विषयहरुमा १९ औं नगरपरिषद् पश्चात मिति २०७१।०९।१२ सम्म न.पा कार्यालय (बोर्ड बैठक समेत) बाट भए गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. २. : यस नगरपालिकाको आ.व.०७०।०७१ को लागि तयार भएको संशोधित वार्षिक कार्यक्रम कार्यान्वयन कार्य तालिका (कार्य योजना) स्वीकृत गर्ने मिति २०७०/१०/१९ को न.पा. बोर्ड बैठकको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ३. : आ.व. ०७१।०७२ को लागि तयार भएको वार्षिक कार्यक्रम कार्यान्वयन कार्य तालिका (कार्य योजना) स्वीकृत गर्ने मिति २०७१।३।०३ को न.पा. बोर्ड बैठकको निर्णय र आ.व. ०७१/०७२ को लागि तयार भएको वार्षिक खरिद योजना स्वीकृत गर्ने मिति २०७१/३/१२ को न.पा. बोर्ड बैठकको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ४. : मिति २०७१।४।१५ को न.पा. बोर्ड बैठकको देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

क) यस नगरपालिकामा कार्यरत स्थानीय निकाय सेवा तर्फ कार्यरत स्थायी, करार तर्फका सम्पूर्ण कर्मचारीहरुलाई नेपाल सरकारबाट आ.व. ०७१।०७२ को बजेट, नीति कार्यक्रममा प्रस्तुत गरिए अनुसार तलब भत्ता मिति २०७१ श्रावण महिना देखि नै उपलब्ध गराउने निर्णय ।

ख) यस नगरपालिकाको, आर्थिक प्रशासन शाखाबाट तयार भई पेश भएको कार्यालयमा कार्यरत स्थानीय निकाय सेवा तर्फका कर्मचारीहरुको आ.व. ०७१।०७२ को वार्षिक तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय ।

ग) यस नगपालिकामा करार तर्फ कार्यरत कर्मचारीहरुको सन्दर्भमा नेपाल सरकारबाट आ.व. ०७१/०७२ को लागि पेश भएको बजेट, नीति तथा कार्यक्रममा प्रस्तुत भए अनुसारको तलब भत्ता २०७१ श्रावण महिना देखि नै उपलब्ध गराउने निर्णय ।

निर्णय नं. ५. : चालु आ.व. ०७१।०७२ मा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय जगेडा कोष लागत सहभागितामा संचालन गर्ने गरी १९ औं नगरपरिषद्बाट स्वीकृत योजनाहरुको सन्दर्भमा मिति २०७१।५।०४ को न.पा. बोर्ड बैठकबाट स्वीकृत सम्पूर्ण योजनाहरुको प्रस्तावित रकम रु. ५०,००,०००।- (पचास लाख) कायम गर्ने निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ६. : यस नगरपालिकाको आ.व. ०७०।०७१ को आय/व्यय विवरण तथा श्रेस्ताहरुको अन्तिम लेखा परीक्षण गर्न मिति २०७१।५।१५ को न.पा. बोर्ड बैठकबाट अन्तिम लेखा परीक्षक नियुक्ति गर्ने सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ७. : यस नगरपालिकाको आ.व. ०७०/०७१ को दोश्रो र तेश्रो चौमासिकमा सम्पादित कार्यको सन्दर्भमा क्रमशः मिति २०७०/११/३० मा यस नगरपालिका-१५, जनज्योति प्रा.वि., भडार र मिति २०७१/३/२७ मा यस नगरपालिका-१, पंचकन्या नि.मा.वि., कुडुलेमा सम्पन्न भएको सार्वजनिक सुनुवाईमा उठेका सवाल, सुझाव र गुनासाहरु समेटी पेश भएको सार्वजनिक सुनुवाई प्रतिवेदन माथि मिति २०७०।१२।१६ र मिति २०७१।३।२९ मा न.पा. बोर्ड बैठकबाट भएको निर्णयलाई अनुमोदन गरी कार्यान्वयन गर्न सम्बन्धित समिति तथा शाखालाई सुझाव दिने ।

निर्णय नं. ८ : यस नगरपालिकाको आ.व. ०७१/०७२ को प्रथम चौमासिकमा सम्पादित कार्यको सन्दर्भमा मिति २०७१/७/२० मा यस नगरपालिका-१४, ज्ञानज्योति नि.मा.वि., काउछेमा सम्पन्न भएको सार्वजनिक सुनुवाईमा उठेका सवाल, सुझाव र गुनासाहरु समेटी पेश भएको सार्वजनिक सुनुवाइ प्रतिवेदन माथी मिति २०७१।७।३० मा न.पा. बोर्ड बैठकबाट भएको निर्णयलाई अनुमोदन गरी कार्यान्वयन गर्न सम्बद्ध समिति तथा शाखालाई निर्देशन दिने ।

निर्णय नं. ९ : यस नगरपालिकाको नगरस्तरीय योजना सुपरिवेक्षण तथा अनुगमन समितिको आ.व. ०७०।०७१ मा सम्पादित कार्य समेटी पेश भएको प्रतिवेदन उपर मिति २०७१।३।२९ को न.पा. बोर्ड बैठक बाट भएको निर्णय अनुमोदन गर्दै प्रभावकारी रुपमा अनुगमन कार्य सम्पन्न गरी नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुऱ्याएकोमा समितिका सदस्यहरुलाई धन्यवाद दिने साथै प्रतिवेदनमा समेटिएका बुँदाहरु कार्यान्वयन गर्न र कार्य सम्पादनमा अझ प्रभावकारिता ल्याउन सुझाव दिने निर्णय गरियो ।

निर्णय नं. १०. : यस न.पा. को आ.व. ०७०।०७१ मा सम्पादित कार्यको सामाजिक परीक्षण गरी पेश भएको प्रतिवेदन माथि छलफल गर्दा आगामी दिनमा कार्यक्रम स्वीकृति तथा कार्यान्वयन प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई समेत मध्यनजर गर्न न.पा. लाई निर्देशन दिने ।

निर्णय नं. ११. : यस नगरपालिकाको मिति २०७१/५/०४ को नगरपालिका बोर्ड बैठकबाट आ.व. ०७०/०७१ मा सडक बोर्ड नेपालको अनुदान सहयोगमा संचालित योजनाहरुको कार्यसम्पन्न पश्चात प्राप्त अन्तिम किस्ता वापतको रकममा नगरपालिकाको अंश कट्टा गरी बाँकी रकम मात्र सडक बोर्ड नेपालबाट निकासा भएकोमा नगरपालिकाको सहभागिता वापतको रकम रु. ४,००,०००।- (चार लाख) मात्र चालु आ.व. ०७१/०७२ मा प्राप्त हुने मालपोत रजिष्ट्रेसनपास बापतको रकमबाट उपलब्ध गराउने निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. १२. : आ.व. ०७०।०७१ को यस न.पा. को वार्षिक जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरु समेटी कार्यान्वयन गर्ने गरी अनुमोदन गर्ने । साथै जिन्सी लिलामी र मिनाहाको प्रकृयालाई यथाशीघ्र अगाडी बढाउन न. पा. कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १३. : यस न.पा. को लेखा प्रणालीलाई क्रमशः प्रोदभावी लेखाप्रणाली (Accural Accounting System)मा लैजाने ।

निर्णय नं. १४ : यस न.पा. क्षेत्र भित्र रहेका धार्मिक मठमन्दिर, गुम्बा, चर्च सार्वजनिक जग्गा तथा सार्वजनिक सम्पदाहरुको खोजी गरी अभिलेखीकरण गर्ने र नगरपालिकाको Website Update गर्ने साथै सार्वजनिक सम्पदाको संरक्षण गर्ने कार्यलाई प्रभावकारी बनाउने ।

निर्णय नं. १५. : यस न.पा. मा कार्यरत कर्मचारीहरुको करार म्याद थप तथा अस्थायी प्रकृतिका सेवाहरु सेवा करारमा लिने निर्णय अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १६. : न.पा को न्युनतम शर्त तथा कार्य सम्पादन मापन कार्य विधि २०६६ ( परिमार्जन र संशोधन सहित) बमोजिम आ.व. ०६९।०७० को MCPM मूल्याङ्कनको नतीजाबारे सरोकारवालालाई जानकारी गराई सो उपर व्यापक छलफल गरी मूल्याङकनको क्रममा प्राप्त सुझावहरुलाई कार्यान्वयनमा प्रभावकारी बनाउने । साथै स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट प्रकाशित नतीजामा यस नगरपालिका ९ औं स्थानमा पर्न सफल भएकोमा उक्त स्थान हासिल गर्नको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवाला संघ, संस्था, व्यक्ति तथा कार्यरत कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने ।

निर्णय नं. १७. : नगरपालिकाको क्षेत्रगत तथ्यांकहरु समावेश भएको नगर पार्श्वचित्र (Municipal Profile) अद्यावधिक (Update) गरी प्रकाशन गर्ने र सो बमोजिम Website अद्यावधिक (Update) गर्ने । साथै क्षतिपूर्ति सहितको डिजिटल नागरिक वडापत्र राख्ने ।

निर्णय नं. १८. : आ.व. ०७०।०७१ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन स्वीकृत गरी प्राप्त सुझावहरु कार्यान्वयन गर्ने ।

निर्णय नं. १९. : आ.व. ०७०।०७१ मा सम्पादित योजना तथा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गर्ने सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने । साथै यस चालु आ.व. २०७१/०७२ र आगामी आ.व. २०७२/०७३ मा संचालन हुने योजना तथा कार्यक्रमहरुको हकमा नगरस्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको सिफारिसको आधारमा जाँचपास एवं फरफारकका लागि नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. २०. : यस न.पा. मा रहेको फोहोरमैला व्यवस्थापनका लागि आवश्यक सवारी साधन अपुग भएकोले थप सवारी साधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. २१. : वातावरण संरक्षणका लागि अन्य सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय र सहयोग लिई न.पा. क्षेत्र भित्र वृक्षारोपण तथा जनचेतनामूलक कार्यक्रम गर्ने ।

निर्णय नं. २२. : आ.व. ०७१।०७२ मा हाल प्रस्ताव गरिएको आय बाहेक अन्य कुनै श्रोतबाट रकम प्राप्त भई पूँजीगत क्षेत्र तर्फका कार्य गर्नुपर्ने अवस्था आएमा सो का लागि वडास्तरबाट प्रस्ताव भई आएका कार्यक्रमहरु मध्येबाट प्राथमिकताका आधारमा छनौट गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. २३. : आ.व. ०७०।०७१ को अन्तिम लेखा परिक्षण प्रतिवेदन मिति २०७१/६/१० मा कार्यालयमा प्राप्त भई परिषद् समक्ष पेश भयो । प्रतिवेदनले औल्याएका बेरुजु असुल उपर गर्नु पर्नेको हकमा असुल उपर गर्ने र नियमित गर्नु पर्नेको हकमा नियमित गर्न नगरपालिकाले आवश्यक कारवाही अगाडी बढाउन निर्देशन दिनुका साथै आ.व. ०७१।०७२ देखि आर्थिक अनुशासन कायम गरी बेरुजु नआउने गरी कारोबार गर्न आवश्यक व्यवस्था मिलाउन नगरपालिकालाई निर्देशन दिने ।

निर्णय नं. २४. : भुकम्पीय जोखिमबाट हुने क्षति न्युनीकरणका लागि आगामी आ.व. ०७२।०७३ सम्म भुकम्प प्रतिरोधी भवन तथा संरचनाहरु निर्माण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न राष्ट्रिय भवन संहिता (National Building Code) लाई पूर्ण रुपमा लागु गर्न आवश्यक तालिम तथा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. २५. : यस जिल्लामा शव वाहनको अभावबाट सेवा प्रवाहमा असुविधा भएकोले जिल्ला अस्पतालको लागि शव वाहन उपलब्ध गराई दिन श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

निर्णय नं. २६. : यस नगरपालिकाको विद्यमान कार्यालय भवन साँघुरो भई सेवा प्रवाहमा असुविधा भएको साथै निकट भविष्यमा नै स्थानीय निकायको निर्वाचन पश्चात् जन प्रतिनिधिहरुको व्यवस्था हुँदा नगरवासीलाई सर्वसुलभ सेवा प्रदान गर्नको लागि कार्यालय भवन निर्माण गर्नु पर्ने आवश्यकतालाई मनन् गर्दै न.पा.को विद्यमान श्रोतबाट मात्र भवन निर्माण गर्न सम्मव नभएकोले नयाँ कार्यालय भवन निर्माणको लागि नेपाल सरकार, शहरी विकास मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग बजेट विनियोजनको लागि अनुरोध गर्ने ।

निर्णय नं. २७. : नगरपालिकाको क्षेत्रगत विकास योजना क्रमशः तयार गर्दै सो बमोजिम कार्यक्रम संचालन गर्ने उद्देश्यले भू-उपयोग नक्सा र नगरस्तरीय सडक गुरुयोजना तयार गर्न नगरपालिकाको श्रोतबाट मात्र सम्भव नहुने भएकोले शहरी विकास मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं. २८. : आगामी तीन वर्ष भित्र नगरपालिकाका सबै वडाका टोलहरुमा विद्युत तथा संचार सुविधा उपलब्ध गराउने हेतुले सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गर्न पहल गर्ने ।

निर्णय नं. २९. : विभिन्न निकायको लगानीमा न.पा. भित्र निर्माण भएका कतिपय सडकहरुको स्वामित्व अझै पनि व्यक्तिको नाममा रहेको अवस्थामा त्यस्ता सडकहरु सार्वजनिकीकरण गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

निर्णय नं. ३० : नगरपालिकामा कार्यरत कर्मचारीहरुको कर्मचारी व्यवस्थापन सम्बन्धी विनियमावलीमा व्यवस्था भए अनुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुको मूल्याङ्कन गरी पुरस्कृत गर्ने कार्यको लागि देहाय बमोजिमका सूचकरुलाई आधार मान्ने ।

- क) समय पालना र नियमितता
- ख) अनुशासन र आज्ञापालन
- ग) कार्यसम्पादन मूल्याङ्कन
- घ) सेवाग्राहीको कर्मचारी प्रतिको गुनासोको स्थिति (मौखिक/लिखित)
- ङ) रचनात्मक/सिर्जनात्मक कार्य सम्पादन गर्न सक्ने क्षमता
- च) ऐन, नियम, विनियममा उल्लेखित आचरण पालन
- छ) जेष्ठता

निर्णय नं. ३१. : निर्धारित सूचकहरुको आधारमा आ.व. ०७०/०७१ मा उत्कृष्ट कार्य सम्पादन गर्ने देहाय बमोजिमका कर्मचारीहरुलाई कर्मचारी व्यवस्थापन सम्बन्धी विनियमावलीमा व्यवस्था भए अनुसार प्रति व्यक्ति रु. २०००।- नगद तथा सम्मान पत्र सहित पुरस्कृत गर्ने ।

- चक्र बहादुर मगर - खरिदार
- प्रकाशचन्द्र कार्की - खरिदार
- भूपाल बहादुर थापा मगर - कार्यालय सहयोगी

निर्णय नं. ३२. : आ.व. ०७०/०७१ मा सामाजिक परिचालनको कार्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कमलामाई नगरपालिका वडा नं. १५ का सामाजिक परिचालक बेली विश्वकर्मालाई रु. २०००।- नगद तथा सम्मान पत्र सहित पुरस्कृत गर्ने ।

निर्णय नं. ३३. : यस नगरपालिकामा आ.व. ०७०/०७१ मा कार्यालयको रेकर्ड अनुसार सबैभन्दा बढी कर तिर्ने नगरवासी कमलामाई न.पा.-४, निवासी शुष्मा कुमारी श्रेष्ठलाई सम्मान गर्ने ।

निर्णय नं. ३४. : यस न.पा. कार्यालयको आ.व. २०७०।०७१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन परिषद् समक्ष पेश भएकोमा सो प्रतिवेदनलाई अनुमोदन गर्दै उक्त प्रतिवेदनमा औल्याइएका सुझावहरुलाई देहायबमोजिम कार्यान्वयन गर्न न.पा. कार्यालयलाई निर्देशन दिने ।

क) अन्तिम लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु रकम मध्ये असुल उपर गर्नु पर्ने रकम र प्रमाण कागज पुऱ्याई सम्परिक्षण गर्नुपर्ने रकमका हकमा प्रमाण कागज संकलन गरी/गराई सम्परीक्षण गर्ने प्रकृया अगाडी बढाउने ।

ख) लेखा परीक्षण प्रतिवेदनले औल्याएको पेश्की बेरुजुको हकमा आ.व. २०६९।०७० मा पेश्की बेरुजु नभएको तर सो आ.व. भन्दा अगाडी रहेको पेश्की बेरुजु असुल तथा फछ्र्यौटको लागि स्थानीय निकाय (आ.प्र.) नियमावली, २०६४ बमोजिम कारवाही अगाडी बढाउने ।

ग) लेखा परीक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई अवलम्बन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।

निर्णय नं. ३५. : यस नगरपालिकाको मिति २०७१/५/०४ को नगरपालिका बोर्ड बैठकबाट यस न.पा.-६, बसपार्क छेउमा निर्मित दुई कोठे पसल कबल भाडामा लगाउने प्रयोजनको लागि मासिक भाडा प्रति पसल न्यूनतम रु. १०,०००।- (दश हजार) निर्धारण गर्ने निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ३६. : यस नगरपालिकामा कमलानदी, ग्वाङ्गखोला, गडौलीखोला, मरिनखोला, भिमानखोला तथा विभिन्न खहरेहरुबाट वर्षेनी जमिन कटान गरी सो क्षेत्रका बस्ती तथा कृषियोग्य भूमि अत्यन्त जोखिममा परेकाले नियन्त्रणको लागि नेपाल सरकारसँग अनुरोध गर्ने ।

निर्णय नं. ३७. : यस नगरपालिका क्षेत्र भित्र नगरपालिकाको स्वीकृति नलिई जग्गा प्लटिङ् गरी घडेरीको रुपमा बिक्री गर्ने प्रचलन बढ्दै गएको सन्दर्भमा सत्रौं नगरपरिषदबाट स्वीकृत नक्सापास तथा भवन निर्माण मापदण्ड, २०६८ मा समेत जग्गा प्लटिङ् सम्बन्धी व्यवस्था भएको र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,

वातारण व्यवस्था शाखाको च.नं. १२२ मिति २०७१/७/१० को पत्र मार्फत समेत जग्गा प्लटिङ्लाई व्यवस्थित बनाउने सन्दर्भमा लेखी आए अनुसार यस नगरपालिकाको भू-उपयोग नक्सा तयार नभएसम्मको लागि जग्गा प्लटिङ्को सन्दर्भमा देहाय बमोजिमको मापदण्ड स्वीकृत गर्ने र सो अनुसार नगरपालिकाको स्वीकृति वेगर प्लटिङ् गरिएको स्थानमा घरबाटो प्रमाणितको सिफारिस तथा नक्सापासको कार्य समेत रोक्का राख्न नगरपालिकालाई निर्देशन दिने साथै नापी कार्यालय र मालपोत कार्यालयलाई समेत सो बमोजिम गरिदिन अनुरोध गर्ने ।

**जग्गा प्लटिङ् सम्बन्धी मापदण्ड**

क) प्लटहरुमा आवत जावत गर्ने बाटो निजी वा सार्वजनिक बाटोसँग जोडिएको हुनपर्नेछ ।

ख) परम्परादेखि सार्वजनिक रुपमा चल्दै आएको बाटोलाई कायमै राखिनु पर्नेछ ।

ग) न्यूनतम बाटोको चौडाई १३ फिट हुनुपर्नेछ ।

घ) खोला, नदीको छेऊमा तोकिए बमोजिमको भाग छोड्नुपर्नेछ ।

ङ) सार्वजनिक जग्गा व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

**प्लटिङ्को लागि निवेदन साथ देहाय बमोजिमका प्रमाणहरु संलग्न राखी निवेदन दिनु पर्नेछ ।**

क) निवेदकको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी - १ (एक) ।

ख) नापी कार्यालयबाट प्रमाणित जग्गाको नक्सा - १ (एक) ।

ग) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी - १ (एक) ।

घ) एकीकृत सम्पत्ति कर तथा नगरपालिकामा तिर्नु पर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क तिरेको रसिदको प्रतिलिपी वा प्रमाण - १ (एक) ।

ङ) प्रस्तावित प्लटिङ्को नक्सा - ५ (पाँच) प्रति ।

उल्लेखित प्रमाणहरु संलग्न राखी निवेदन प्राप्त भए पश्चात नगरपालिकाबाट वडा सचिवको रोहवरमा स्थलगत सर्जमिनको साथै अमिन र प्राविधिकबाट प्राप्त प्रतिवेदनको आधारमा प्रति कट्ठा रु. १,०००।- (एक हजार) का दरले शुल्क लिई अनुमति उपलब्ध गराइने छ । अनुमति नलिई प्लटिङ् भएको खण्डमा उल्लेखित मापदण्ड अनुसार भएमा प्रति कट्ठा थप रु. ५००।- (पाँच सय) लिई नियमित गर्ने ।

निर्णय नं. ३८. : नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरु मध्येबाट २०७० को एस.एल.सी. परिक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने छात्र/छात्रा मध्येबाट एक/एक जनालाई सम्मान गर्ने सन्दर्भमा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त विवरण अनुसार छात्र तर्फ विवेक भुजेल र छात्रा तर्फ भावना वस्नेतलाई रु. २,०००।- (दुई हजार) का दरले नगद तथा सम्मान पत्र सहित सम्मान गर्ने ।

निर्णय नं. ३९. : यस न.पा. को स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई गत आ.व. भै चालु आ.व. ०७१।०७२ मा समेत वार्षिक रु. ७५००।- ( सात हजार पाँच सय) पोशाक भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ४०. : यस न.पा. को वडा नं. १३,१४,१६,१७ र १८ गरी ५ वटा वडाहरुमा सडक यातायातको पहुँच पुऱ्याउन वडा नं. ११ र १६ को बीचमा कमलानदीमा पक्की पुल आवश्यकता रहेकोले उक्त पक्की पुल निर्माणका लागि नेपाल सरकार समक्ष आवश्यक बजेट विनियोजनका लागि अनुरोध गर्ने ।

निर्णय नं. ४१. : यस नगरपालिकाको विपद् जोखिम व्यवस्थापन योजना, २०७१ स्वीकृत गरी कार्यान्वयनमा लैजाने ।

निर्णय नं. ४२. : यस नगरपालिकाको संगठन विकास, सम्बन्धी प्रतिवेदनलाई समयानुकूल परिमार्जन गरी नियमानुसार कार्यान्वयन गर्ने । साथै नयाँ संगठनात्मक ढाँचा र कर्मचारी दरवन्दीको हकमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सहमति प्राप्त भएपछि मात्र बढुवा तथा नयाँ कर्मचारी भर्ना प्रकृया अगाडी बढाउने ।

निर्णय नं. ४३. : यस नगरपालिकाको आन्तरिक राजस्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदनलाई आधार मानी मिति २०७१।८।२४ गते बसेको नगर स्तरीय राजस्व परामर्श समितिको सिफारिशको आधारमा देहाय बमोजिम राजस्व प्रक्षेपण स्वीकृत गर्ने ।

| सि. नं. | शिर्षक नं. | शिर्षक विवरण | आ.व. ०७०/०७१ को खुद आय | आ.व. ०७१/०७२ को अनुमानित आय | आ.व. ०७२/०७३ को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| १. | १।१।१ | मालपोत | १२४२०।०० | १०००।०० | १०००।०० |
| २. | १।१।३ | वहाल कर | १५६०४९।६८ | ३०००००।०० | ३५००००।०० |
| ३. | १।१।४ | विटौरी कर | २५२२५।०० | २७६०००।०० | २८००००।०० |
| ४. | १।१।६।१ | सवारी दर्ता तथा वार्पिक सवारी कर | १०२००।०० | ११०००।०० | १२०००।०० |
| ५. | १।१।५ | व्यवसाय कर | १११८२८२।०० | ११२५०००।०० | ११५००००।०० |
| ६. | १।१।६।२ | पटके सवारी कर | ० | ० | ० |
| ७. | १।१।७ | सम्पति कर | २०९१९१६।०० | २१०००००।०० | २२५००००।०० |
| ८. | १।१।८ | मनोरञ्जन कर | २८१५।८० | ३०००।०० | ४०००।०० |
| ९. | १।१।९ | विज्ञापन कर | ३६६५०।०० | ८००००।०० | ८००००।०० |
| १०. | १।२।१ | सवारी पार्किङ शुल्क | ० | ० | २३००००।०० |
| ११. | १।२।४ | शौचालय उपयोग सेवा शुल्क | २९७६०।०० | ३००००।०० | ३५०००।०० |
| १२. | १।२।६ | अचल सम्पति मूल्यांकन सेवा | ३३३७२८।५० | ३३५०००।०० | ३५००००।०० |
| १३. | १।३।१ | दर्ता तथा नविकरण दस्तुर | ८६२३६।०० | ९००००।०० | ९२०००।०० |
| १४. | १।३।२ | नक्सापास दस्तुर | १४६६८१४।६० | १५०००००।०० | १५५००००।०० |
| १५. | १।३।४ | नाता प्रमाणित | ५०५३५।०० | ५१०००।०० | ६००००।०० |
| १६. | १।७।१ | दण्ड जरिवाना | २२८११५।३६ | १५५०००।०० | १६००००।०० |
| १७. | १।७।२ | भाडा तथा वहल वाट आय | १२६३२४९।०० | १५५००००।०० | १५६००००।०० |
| १८. | १।७।६ | अन्य विविध आय | ७१५८१७।०८ | ४०००००।०० | ४५००००।०० |
| १९. | १।३।३ | सिफारिश तथा वक्सौनी दस्तुर | ५२१४३६।१५ | ५३००००।०० | ५५००००।०० |
| २०. | १।७।५ | पेश्की /वेरुजु फिर्ता | ० | ५०००।०० | १००००।०० |
| २१. | १।२।२। | महशुल तथा सेवा शुल्क | ४३८१।०० | ५०००।०० | ५०००।०० |
| २२. | १।७।२।१ | लोडर भाडा | ० | १५००००।०० | २०००००।०० |
| **कुल जम्मा** | | | **८१५३६३१।१७** | **८६९७०००.००** | **९३७९०००.००** |

निर्णय नं. ४४. : नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने हेतुले तयार भएको आ.व. ०७२/०७३ देखि ०७४/०७५ सम्मको लागि तयार भएको राजस्व सम्भाव्यता अध्ययन, आन्तरिक आय प्रक्षेपण तथा राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन स्वीकत गरी कार्यान्वयनमा लैजाने ।

निर्णय नं. ४५. : नगरपालिकाको कार्य सम्पादनको क्रममा कार्यरत कर्मचारीलाई नियमानुसार आदेश भए बमोजिम कार्य सम्पादन गर्दा परेको मुद्दा सन्दर्भमा कार्यालयले र कार्यालयको नाममा परेको मुद्दा सन्दर्भमा कार्यकारी अधिकृतले प्रतिरक्षा गर्न अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ४६. : बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिकामुखी कार्यक्रम संचालन गर्न नगरस्तरीय बालमैत्री स्थानीय शासन सम्बन्धी कार्ययोजना तयार गर्ने ।

निर्णय नं. ४७. : लैङ्गिक समता तथा सामाजिक समावेशीकरण नीतिलाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. ४८. : यस नगरपालिकाको मिति २०७१/६/१० को बैठकबाट देहाय बमोजिम योजनाहरुमा चालु आ.व. मा आन्तरिक श्रोत तर्फ मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकमबाट व्यहोर्ने गरी रकम विनियोजन भएकोमा देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने ।

क) सिन्धुली बहुमुखी क्याम्पसको क्षमता विकासका लागि कम्प्यूटर खरिद रु. ३ लाख

ख) पत्रकार महासंघ भवन निर्माण रु. १ लाख

ग) रामपुर-रातमाटेडाँडा हुँदै देवकोटाटोल सडक मर्मत, क.न.पा.-७ रु. ५० हजार

निर्णय नं. ४९. : चालु आ.व. ०७१/०७२ को लागि १९ औं नगरपरिषदबाट प्रस्तावित नगरपालिका अनुदान (पूँजीगत) तर्फ देहाय बमोजिम शीर्षकगत रकम विनियोजन भएकोमा हाल नेपाल सरकारबाट प्रस्तावित रकम भन्दा कम अख्तियारी प्राप्त भएको हुँदा मिति २०७१/७/३० को नगरपालिका बोर्ड बैठकबाट देहाय बमोजिम शीर्षकगत संशोधन रकम विनियोजन गर्ने निर्णय अनुमोदन गर्ने ।

**(क) लक्षित समूहका कार्यक्रम तर्फ :**

- महिला लक्षित कार्यक्रम तर्फ – १५ लाख
- बालबालिका लक्षित कार्यक्रम तर्फ – १५ लाख
- आदिवासी, जनजाति, दलित अपाङ्ग कार्यक्रम तर्फ – २५ लाख

**(ख) आयोजना संचालन तथा व्यवस्थापन खर्च तर्फ :** – ५ लाख

**(ग) समपूरक कोष (Matching Fund) खर्च तर्फ :**

- जगेडा कोष लागत सहभागिताका लागि स्वीकृत योजना तर्फ – ६० लाख
- मर्मत सम्भार कोष तर्फ
  (सडक बोर्ड लगायतका मर्मत सुधार योजना तर्फ) – ४ लाख
- अध्ययन तथा पूँजीगत प्राविधिक परामर्श सेवा तर्फ – ३ लाख
- आन्तरिक ऋणको साँवा भुक्तानी – १५ लाख

**(घ) आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ११ बमोजिम) का तर्फ :** – ३५ लाख

**(ङ) प्रबर्द्धनात्मक क्षेत्र (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा १२ बमोजिम) योजना तर्फ :** – २४ लाख

निर्णय नं. ५०. : चालु आ.व. ०७१/०७२ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको बालबालिका लक्षित कार्यक्रमका लागि १९ औं नगरपरिषदबाट प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी स्वीकृत योजना/कार्यक्रमहरुमा मिति २०७१/७/३० को नगरपालिका बोर्ड बैठकबाट देहाय बमोजिम संशोधन गर्ने निर्णयलाई अनुमोदन गर्ने गरियो ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | बाल अधिकार सम्बन्धी रेडियो कार्यक्रम | १२०,०००।०० |
| २ | पंचकन्या नि.मा.वि. भवन निर्माण, क.न.पा.-१ | ५०,०००।०० |
| ३ | बरुणदेवी मा.वि. भवन निर्माण, क.न.पा.-२ | १००,०००।०० |
| ४ | कालिका नि.मा.वि. भवन मर्मत, क.न.पा.-७ | १२५,०००।०० |
| ५ | मा.वि. गडौली भवन निर्माण, क.न.पा.-७ | ७०,०००।०० |
| ६ | बाँसकटेरी नि.मा.वि. भवन मर्मत, क.न.पा.-८ | ५०,०००।०० |
| ७ | सामान खरिद प्रसुति स्याहार केन्द्र, क.न.पा.-११ | ५०,०००।०० |
| ८ | हरियाली प्रा.वि. कोरङ् भवन निर्माण, क.न.पा.-१२ | १००,०००।०० |
| ९ | शिद्ध प्रा.वि. भवन मर्मत, फर्निचर तथा शैक्षिक सहयोग कार्यक्रम, क.न.पा.-९ | ४०,०००।०० |
| १० | शहरी स्वास्थ्य क्लिनिक भवन निर्माण, क.न.पा.-१६ | १५०,०००।०० |
| ११ | जन श्रृजना प्रा.वि. भवन निर्माण, क.न.पा.-१७ | १५०,०००।०० |
| १२ | त्रिवेणी प्रा.वि. दोभानटार भवन निर्माण, क.न.पा.-१८ | २००,०००।०० |
| १३ | नि.मा.वि.थाक्लेडाँडा, भवन निर्माण क.न.पा. ८ | ५०,०००।०० |
| १४ | भवन संरक्षण प्रा.वि.ठुलडाँडा, क.न.पा.-३ | ५०,०००।०० |
| १५ | जनज्योति प्रा.वि. वल्लो रामपुर, भवन मर्मत क.न.पा.७ | २०,०००।०० |
| १६ | निकृष्ट बालश्रम उन्मूलन कार्यक्रम | ४५,०००।०० |
| १७ | जनमुखी प्रा.वि.ढाँडे भवन निर्माण, क.न.पा.५ | ५०,०००।०० |
| १८ | शौचालय निर्माण, रेडक्रस भवन, क.न.पा.-११, भिमान | ८०,०००।०० |

निर्णय नं. ५१. : आ.व. ०७१/०७२ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको महिला लक्षित कार्यक्रमका लागी १९ औं नगरपरिषदबाट प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी स्वीकृत योजना/कार्यक्रमहरुमा मिति २०७१/९/०२ को नगरपालिका बोर्ड बैठकबाट देहाय बमोजिम संशोधन गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | लैंगिक हिंसा र महिला अधिकार सम्बन्धी रेडियो कार्यक्रम | १२०,०००।०० |
| २ | महिला क्षमता अभिवृद्धि कार्यक्रम | २००,०००।०० |
| ३ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन पुरस्कार | ९०,०००।०० |
| ४ | सिपमुलक तथा रोजगारमुलक तालिम कार्यक्रम | २००,०००।०० |

| | | |
|---|---|---|
| ५ | शिवनगर महिला समूह भवन निर्माण, क.न.पा.–६ | १००,०००।०० |
| ६ | सिस्नेरी खानेपानी योजना निर्माण, क.न.पा.–१० | ५०,०००।०० |
| ७ | भतुवा लक्ष्मीडाँडा खानेपानी योजना निर्माण, क.न.पा.–५ | १००,०००।०० |
| ८ | बुद्धनगर खानेपानी टयांकी निर्माण, क.न.पा.–७ | १८०,०००।०० |
| ९ | टावरडाँडा खानेपानी टयांकी निर्माण, क.न.पा.–६ | ९०,०००।०० |
| १० | खानीखोला ज्यामिरे खानेपानी योजना निर्माण, क.न.पा.–१३ | ५०,०००।०० |
| ११ | कुडुले महिला समूह भवन निर्माण, क.न.पा.–१ | ५०,०००।०० |
| १२ | मिलिजुली महिला समूह भवन निर्माण, क.न.पा.–७, वल्लो रामपुर | ४०,०००।०० |
| १३ | पुरानो करकरे खानेपानी योजना मर्मत, क.न.पा.–१० | ४०,०००।०० |
| १४ | महिला जागृति सहकारी संस्था भवन निर्माण, क.न.पा.–२, खट्टार | ४०,०००।०० |
| १५ | पारिजात महिला विकास कृषि सहकारी संस्था भवन निर्माण, क.न.पा.–११ | ४०,०००।०० |
| १६ | महिला कृषि सहकारी संस्था अधुरो भवन निर्माण, क.न.पा.–९ | ४०,०००।०० |
| १७ | जानकी महिला समूह भवन निर्माण, क.न.पा.–७ | ४०,०००।०० |
| १८ | चापाकल निर्माण, क.न.पा.–१८, टोकले | ३०,०००।०० |

निर्णय नं. ५२. : आ.व. ०७१/०७२ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको आदिवासी, जनजाति, दलित तथा अपाङ्ग लक्षित कार्यक्रमका लागी १९ औं नगरपरिषदबाट प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी स्वीकृत योजना/कार्यक्रमहरुमा मिति २०७१/९/०२ को नगरपालिका बोर्ड बैठकबाट देहाय बमोजिम संशोधन गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य जाँच फिजियो थेरापी सामान खरिद | १५०,०००।०० |
| २ | अपाङ्गहरुको लागी सीप विकास तालिम संचालन | १००,०००।०० |
| ३ | अपाङ्गहरुको लागी सशक्तिकरण अभिमुखिकरण कार्यक्रम | ५०,०००।०० |
| ४ | जनजातिको लागी नेतृत्व विकास तालिम | ७०,०००।०० |
| ५ | जनजाति विद्यार्थी छात्रवृति | ३०,०००।०० |
| ६ | जनजाति विद्यार्थी केन्द्रित कार्यक्रम संचालन | १५,०००।०० |
| ७ | जनजातिहरुको लागी शाखा अधिकृत स्तरिय लोक सेवा आयोग कक्षा संचालन | १४०,०००।०० |
| ८ | आदिवासी जनजाती सम्वन्धी नीतिगत व्यवस्था तथा ILO 169 सम्वन्धि अभिमुखिकरण | ८५,०००।०० |
| ९ | जनजातिहरुको लागी थाङ्का तालिम | ३०,०००।०० |
| १० | जनजातिहरुको लागी सिलाई कटाई तालिम | ५५,०००।०० |
| ११ | जनजातिहरुको लागी हाउस वायरिङ तालिम | ५५,०००।०० |
| १२ | जनजातिको मातृभाषा संरक्षण कार्यक्रम | १२५,०००।०० |

| | | |
|---|---|---|
| १३ | नगर क्षेत्रमा आदिवासी जनजाति लक्षित प्रवर्द्धनात्मक कार्यक्रम विभिन्न संघ, संस्था वा निकायसंग साझेदारीमा संचालन गर्न समपूरक सहयोग रकम (विभिन्न दिवशहरु समेत) | ३५,०००।०० |
| १४ | दलितहरुको लागी खरिदार स्तरिय लोक सेवा आयोग कक्षा संचालन | १००,०००।०० |
| १५ | दलितहरुको लागी कम्प्यूटर तालिम संचालन | १००,०००।०० |
| १६ | दलितहरुको लागी सिलाई कटाई तालिम संचालन | १३०,०००।०० |
| १७ | दलितहरुको लागी हाउस वायरिङ तालिम | ७०,०००।०० |
| १८ | माथिल्लो बोझे पहरीटोल खानेपानी योजना, क.न.पा.-४ | ४०,०००।०० |
| १९ | प्रा.वि. केरावारी भवन निर्माण, क.न.पा.-९ | ६०,०००।०० |
| २० | गुम्बा भवन निर्माण, क.न.पा.-७, वल्लोरामपुर | ६०,०००।०० |
| २१ | भवन निर्माण सफल महिला समाज, क.न.पा.-२, साङ्वाले | ४०,०००।०० |
| २२ | खानेपानी योजना, क.न.पा.-७, लाटेथुम्का | ४०,०००।०० |
| २३ | इनार निर्माण, क.न.पा.-६ र ७ (राम ब. भुजेलको घर छेऊ) | २५,०००।०० |
| २४ | इनार निर्माण, क.न.पा.-७, लुङ्गेलीटार | २५,०००।०० |
| २५ | खानेपानी योजना, क.न.पा.-१, ज्यामिरे | ३०,०००।०० |
| २६ | इनार निर्माण, क.न.पा.-७, आयुर्वेदिक, नयाँवस्ती | २५,०००।०० |
| २७ | आहाले कूलोखोला तल्लो चौडी खानेपानी योजना, क.न.पा.-१५, | ३०,०००।०० |
| २८ | भडार महिला समूह भवन निर्माण, क.न.पा.-१५ | ४५,०००।०० |
| २९ | जाहानटोल खानेपानी योजना, क.न.पा.-१७ | ४५,०००।०० |
| ३० | माथिल्लो बागमारा खानेपानी योजना, क.न.पा.-१० | ४५,०००।०० |
| ३१ | सुकुम्वासीटोल खानेपानी योजना, क.न.पा.-११ | ४५,०००।०० |
| ३२ | कर्मा सामतेलिङ्ग सम्भोटा लिपि कक्षाकोठा निर्माण, क.न.पा.-७, सातघरे | ५०,०००।०० |
| ३३ | उर्गेन छ्योलिङ् गुम्बा घडेरी निर्माण, क.न.पा.-८, ज्याम्दू | ३०,०००।०० |
| ३४ | खहरेखोलाबाट खहरे गाउँसम्म खानेपानी योजना, क.न.पा.-५ | ३५,०००।०० |
| ३५ | कुवा मर्मत सम्भार, क.न.पा.-५, धन्सारे | २०,०००।०० |
| ३६ | कुवा निर्माण, क.न.पा.-७, आहालेखोप, लिट्टेखोला, वल्लोरामपुर | १०,०००।०० |
| ३७ | टासी छ्योलिङ् गुम्बा निर्माण, क.न.पा.-११, पन्नेसी | २०,०००।०० |
| ३८ | इनार निर्माण, क.न.पा.-९, ढुङ्गेवास (एकनारायण श्रेष्ठको घरछेऊ) | २५,०००।०० |
| ३९ | राजपानी अधिकारी जेठाको घरदेखि तल्लो आहालेको तल्लो भित्ताहुँदै वेल्टार जाने सडकको सितलफेदी (डवली) सम्म सडक मर्मत, क.न.पा.-४ | १५०,०००।०० |
| ४० | रातमाटा प्लानिङ्ग देखि नूनथलासम्म सडक (रिङ्गरोड) निर्माण, क.न.पा.-६ | १५०,०००।०० |
| ४१ | क.न.पा.-५, पोखेल गाउँ सार्कीडाँडाको ह्याकुले डाँडा नजिक खानेपानी टचांकी निर्माण | ६०,०००।०० |
| ४२ | कुवा मर्मत सम्भार, क.न.पा.-६, धुराबजार | २५,०००।०० |
| ४३ | इनार निर्माण, क.न.पा.-७, माझीटार (दान ब. घिसिङ्गको घर छेऊ) | ३०,०००।०० |

निर्णय नं. ५३. : चालु आ.व. ०७१/०७२ को नगरपालिका अनुदान (पूँजीगत) शिर्षकको आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ११ बमोजिम) तर्फ १९ औं नगरपरिषदबाट प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी स्वीकृत योजना/कार्यक्रमहरुमा मिति २०७१/७/३० को नगरपालिका बोर्ड बैठकबाट देहाय बमोजिम संशोधन गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

| सि. नं. | योजनाको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | पानीटयांकी-बर्देउटार सडक मर्मत तथा स्तरोन्नति, क.न.पा.-७ | ३१५,०००।०० |
| २ | गैयाटार सडक उकालो ढलान कार्य, क.न.पा.-४ | ३१५,०००।०० |
| ३ | माढीबजार प्लट नं. २ पुछार-कारागार मर्मत, क.न.पा.-६ | ३१५,०००।०० |
| ४ | दूम्की-कालिटार सडक मर्मत तथा स्तरोन्नति, क.न.पा.-७ | ३१५,०००।०० |
| ५ | खानेपानी योजना, क.न.पा.-१८ | ३१५,०००।०० |
| ६ | मधुटारबाट हस्तेटोल जोड्ने सडकको रानीखोलामा कल्भर्ट निर्माण, क.न.पा.-४ | ३१५,०००।०० |
| ७ | कट्टेलगैरीबाट धन्सारे जाने सडक मर्मत तथा स्तरोन्नति, क.न.पा.-६ | ४३५,०००।०० |
| ८ | सुकेखोला कज्वे निर्माण, क.न.पा. १२ | ३१५,०००।०० |
| ९ | संगमचोक-सिलामे-शाखाजोर सडक (खयरमारा मार्ग) मर्मत, क.न.पा.-४ | ५६०,०००।०० |
| १० | यस मन्दिरको गुरुयोजना निर्माण | ३००,०००।०० |

निर्णय नं. ५४. : चालु आ.व. ०७१/०७२ को नगरपालिका अनुदान (पूँजीगत) शिर्षकको प्रबर्द्धनात्मक क्षेत्र (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा १२ बमोजिम) तर्फ १९ औं नगरपरिषदबाट प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी स्वीकृत योजना/कार्यक्रमहरुमा मिति २०७१/७/३० को नगरपालिका बोर्ड बैठकबाट देहाय बमोजिम संशोधन गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | राजपानी रामहरीटोल खानेपानी योजना, क.न.पा.-४ | ७०,०००।०० |
| २ | थापामगरटोल खानेपानी योजना, क.न.पा.-१ | २५,०००।०० |
| ३ | पिप्ले सिंचाई कुलो मर्मत, क.न.पा.-१ | २५,०००।०० |
| ४ | खट्टार खानेपानी मर्मत सम्भार ,क.न.पा. २ | २०,०००।०० |
| ५ | साङ्बाले खानोपानी, क.न.पा. २ | २५,०००।०० |
| ६ | लामीदमार सिंचाई कुलो मर्मत, क.न.पा.-३ | २५,०००।०० |
| ७ | पाथीपरान माझफाँट सिंचाई कुलो मर्मत, क.न.पा.-३ | २०,०००।०० |
| ८ | ठूलडाँडा माझटोल खानेपानी योजना, क.न.पा.-३ | २०,०००।०० |
| ९ | चण्डेश्वरी खानेपानी योजना, क.न.पा.-३ | ३५,०००।०० |
| १० | माइखोला-तिनतले-पाथिपरान खानेपानी योजना, क.न.पा.-३ | ३५,०००।०० |
| ११ | कृष्ण उर्खुटीको घरदेखि राजन पोखरेलको घर हुँदै जाने सडक क.न.पा. ५ | ५५,०००।०० |
| १२ | फाँट प्रकाश कोइरालाको घरछेऊ इनार निर्माण, क.न.पा.-४ | २०,०००।०० |
| १३ | जोगी कूलो क.न.पा. ४ | २५,०००।०० |

| | | |
|---|---|---|
| १४ | खहरे राएडिही सिंचाई कुलो मर्मत, क.न.पा.-५ | २०,०००।०० |
| १५ | शिवालय-सापकोटा खोल्सी-देउराली सडक मर्मत, क.न.पा.-५ | ३५,०००।०० |
| १६ | आँशुमतिटार-रक्तमाला मन्दिर आँशुमति मार्ग सडक मर्मत, क.न.पा.-५ | ३५,०००।०० |
| १७ | धाराभञ्ज्याङ् माथिल्लो सिंचाई कुलो मर्मत, क.न.पा.-५ | २०,०००।०० |
| १८ | पिंडेधाप सिंचाई कुलो मर्मत, क.न.पा.-५ | २५,०००।०० |
| १९ | पदमपानी सिंचाई कुलो मर्मत, क.न.पा.-५ | २५,०००।०० |
| २० | सालुबोटे कुवा स्वर्गद्वारी संरक्षण, क.न.पा.-५ | २०,०००।०० |
| २१ | माथिल्लो मिलनचोक एकराज देवकोटा घरछेऊ इनार निर्माण, क.न.पा.-५ | २०,०००।०० |
| २२ | रैंयाटार सिंचाई कुलो मर्मत, क.न.पा.-५ | २०,०००।०० |
| २३ | गहते सन्तोष बोहराको घरछेऊ इनार निर्माण, क.न.पा.-५ | २०,०००।०० |
| २४ | धाराभञ्ज्याङ्-जामुनटार सडक मर्मत, क.न.पा.-५ | ७०,०००।०० |
| २५ | सूर्योदय ओरालो चापाकल सडक निर्माण (उज्वल थापाको घर तर्फ) सडक निर्माण, क.न.पा.-६ | ३५,०००।०० |
| २६ | जुनार जुसफ्याक्ट्री सडक मर्मत, क.न.पा.-६ | ३५,०००।०० |
| २७ | इनार निर्माण (पानीटचांकी गौतमको घर नजिक), क.न.पा.-६ | २०,०००।०० |
| २८ | देवीथान-गडौली झर्ने सडक मर्मत, क.न.पा.-७ | ४५,०००।०० |
| २९ | भित्तिझोरा खानेपानी योजना, लुङ्गेलीटार, क.न.पा.-७ | २०,०००।०० |
| ३० | साठी फाँटकूलो सिंचाई कुलो मर्मत, क.न.पा.-७ | ३५,०००।०० |
| ३१ | डम्बर आलेको झोरामा इनार निर्माण, क.न.पा.-७ | २५,०००।०० |
| ३२ | विसुंखे झोरा इनार निर्माण, क.न.पा.-७ | २५,०००।०० |
| ३३ | बुका-दमाईटोल सिंचाई कुलो मर्मत, क.न.पा.-७ | ३५,०००।०० |
| ३४ | सिमलबोट इनार निर्माण, क.न.पा.-७ | २५,०००।०० |
| ३५ | जिल्ला अदालत अगाडि इनार निर्माण, क.न.पा. ६ | २५,०००।०० |
| ३६ | क.न.पा. ४ फुयाल टोल सडक | ३५,०००।०० |
| ३७ | ज्यामिर खोला सिंचाई योजना, क.न.पा. ४ | २५,०००।०० |
| ३८ | भुमीडाँडा सिरुवारी इनार निर्माण क.न.पा. ४ | २०,०००।०० |
| ३९ | धनसारे पँधेरो हुदै रिङरोड जोड्ने सडक, क.न.पा. ६ | ५५,०००।०० |
| ४० | बकेश्वर महादेव खानेपानी योजना, क.न.पा.-९ | २०,०००।०० |
| ४१ | इनार निर्माण कमलास्कूल कृष्ण श्रेष्ठको घरछेउ, क.न.पा.-९ | २०,०००।०० |
| ४२ | इन्टेक निर्माण पहिरे टारी, क.न.पा.-९ | २०,०००।०० |
| ४३ | तल्लो सिस्नेरी कुलो मर्मत, क.न.पा.-१० | ६०,०००।०० |
| ४४ | कर्करे रिङ्ग रोड, क.न.पा. १० | ७०,०००।०० |
| ४५ | फडिर सिंचाई योजना, क.न.पा. १० | ३५,०००।०० |
| ४६ | माथिल्लो सिस्नेरी कुलो मर्मत, क.न.पा.-१० | ६०,०००।०० |
| ४७ | इनार निर्माण, क.न.पा.-११ -आजाद स्मृति भवन मुनी झोरा) | ३५,०००।०० |
| ४८ | कत्लेखोला कुलो मर्मत, क.न.पा.-११ | ३५,०००।०० |
| ४९ | इनारपानीबाट खोला छेउ सडक | २०,०००।०० |
| ५० | निमा लामाको घर छेउ सडक क.न.पा. १२ | ७०,०००।०० |
| ५१ | कोरङ्खोला देखि बथानचौडी सम्म सिंचाई कुलो मर्मत, क.न.पा.-१२ | २०,०००।०० |
| ५२ | कोरङ्खोला देखि अमाहासम्म सिंचाई कुलो मर्मत, क.न.पा.-१२ | २०,०००।०० |
| ५३ | सुकेखोला झिल्किनी पैरोबाट सानो भलुवाई सिंचाई कुलो मर्मत, क.न.पा.-१२ | ३५,०००।०० |
| ५४ | सिस्नेरी खानेपानी योजना, क.न.पा.-१५ | ३५,०००।०० |

| | | |
|---|---|---|
| ५५ | खानेपानी मर्मत हायूडाँडा, क.न.पा.-१५ | २५,०००।०० |
| ५६ | कृष्ण बहादुरको घरबाट चदाहा खोला झर्ने सडक, क.न.पा. १८ | ३५,०००।०० |
| ५७ | इनार निर्माण (नारायण बराल घरछेउ), क.न.पा.-१६ | ३५,०००।०० |
| ५८ | इनार निर्माण गौरनटोल, क.न.पा.-१७ | ३५,०००।०० |
| ५९ | फेदीखोला खानेपानी योजना, क.न.पा. ७, वल्लो रामपुर | ३५,०००।०० |
| ६० | गोपाल थापाको घरदेखि जाने बाटो, क.न.पा. ६ | ७०,०००।०० |
| ६१ | क्याम्पस चोक –२ नं. गेट सडक, क.न.पा. ९ | ७०,०००।०० |
| ६२ | ढुङ्ग्रेवास चोक– कमला स्कूल सडक, क.न.पा. ९ | ७०,०००।०० |
| ६३ | मरिण सतिघाट भवन निर्माण, क.न.पा. २ | ३५,०००।०० |
| ६४ | मधुटार कमल घिमिरेको घर छेउ इनार, क.न.पा. ४ | २०,०००।०० |
| ६५ | जरायोटार मनकामना प्रा.वि. नजिक इनार निर्माण, क.न.पा. ४ | २५,०००।०० |
| ६६ | डाँडाटोल दर्लामीको घरको ठाडो सडक, क.न.पा. ७ | ३५,०००।०० |
| ६७ | सिन्धुलीगढी स्कुल छेउ इनार निर्माण, क.न.पा. ६ | २०,०००।०० |
| ६८ | लच्कामुनीको कुलो मर्मत, क.न.पा. १२ | २०,०००।०० |
| ६९ | चापाकल निर्माण, क.न.पा.-१० झोलुङ्गेपुल मुख छेऊ बागमारा | २०,०००।०० |
| ७० | दीप पाण्डे पानीघट्ट कुलो, क.न.पा. ४ | ३५,०००।०० |
| ७१ | नेपाल पत्रकार महासंघ भवन निर्माण, क.न.पा.-६ | ९०,०००।०० |

निर्णय नं. ५५. : आ.व. २०७१/०७२ को स्थानीय विकास शुल्क (पूँजीगत) शीर्षकतर्फ १९ औं नगरपरिषदबाट प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी स्वीकृत योजना/कार्यक्रमहरुमा मिति २०७१/७/३० को नगरपालिका बोर्ड बैठकबाट देहाय बमोजिम संशोधन गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | विद्युत विस्तार (Matching) , क.न.पा.-३ | १,१२०,०००।०० |
| २ | विद्युत विस्तार (Matching) , क.न.पा.-१३ | ४७५,०००।०० |
| ३ | क.न.पा.-१६ बाट क.न.पा.-१३ रानीचूरीडाँडासम्म सडक मर्मत तथा स्तरोन्नति | १,१२०,०००।०० |
| ४ | क.न.पा.-१० माइस्थान पुल मुखबाट क.न.पा.-३ जाने सडक मर्मत | ३७०,०००।०० |
| ५ | खोरखोला-बेलाहा सडक मर्मत, क.न.पा.-१३ | १५०,०००।०० |
| ६ | प्रगतिशिल मा.वि. भवन निर्माण, क.न.पा.-१६ | ६७०,०००।०० |
| ७ | कृषि क्याम्पस भवन निर्माण, क.न.पा.-२, खट्टार | २२०,०००।०० |
| ८ | गौमति क्याम्पस भवन निर्माण, क.न.पा.-६ | २२०,०००।०० |
| ९ | शिद्धज्योति क्याम्पस संरक्षण तटबन्ध निर्माण, क.न.पा.-४, फोश्रेटार | २२०,०००।०० |
| १० | छात्रावास निर्माण, कमला साइन्स क्याम्पस, क.न.पा.-९ | २२०,०००।०० |
| ११ | ज्ञानज्योति नि.मा.वि. भवन मर्मत, क.न.पा.-१४ | ३७०,०००।०० |
| १२ | कमला जनज्योति मा.वि. भवन मर्मत तथा शैक्षिक सामाग्री सहयोग, क.न.पा.-४ | २२०,०००।०० |
| १३ | कम्पाउण्डवाल निर्माण, कमला मा.वि., क.न.पा.-१०, करकरे | १५०,०००।०० |

**निर्णय नं. ५६. : आगामी आ.व. ०७२/०७३ को प्रस्तावित नगरपालिका अनुदान (पूँजीगत) बाट देहाय बमोजिम शिर्षकगत रकम विनियोजन गरी सोही बमोजिम योजना तथा कार्यक्रमहरु छनौट गर्ने ।**

**(क) लक्षित समूहका कार्यक्रम तर्फ :**

- महिला लक्षित कार्यक्रम तर्फ – १३ लाख
- बालबालिका लक्षित कार्यक्रम तर्फ – १३ लाख
- आदिवासी, जनजाति, दलित अपाङ्ग कार्यक्रम तर्फ – २० लाख

**(ख) आयोजना संचालन तथा व्यवस्थापन खर्च तर्फ :** – ५ लाख

**(ग) समपूरक कोष (Matching Fund) खर्च तर्फ :**

- जगेडा कोष लागत सहभागिताका लागि स्वीकृत योजना तर्फ–१ करोड १० लाख
- मर्मत सम्भार कोष तर्फ
  (सडक बोर्ड लगाएतका मर्मत सुधार योजना तर्फ) – ५ लाख
- अध्ययन तथा पुँजिगत प्राविधिक परामर्श सेवा तर्फ – ३ लाख
- संस्थागत क्षमता विकास कार्यक्रम तर्फ – ३ लाख ४१ हजार

**(घ) आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ११ बमोजिम) का तर्फ :** – २५ लाख

**(ङ) प्रबर्द्धनात्मक क्षेत्र (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा १२ बमोजिम) योजना तर्फ :** – १५ लाख

निर्णय नं. ५७. : आ.व. ०७२/०७३ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको महिला लक्षित कार्यक्रमका लागि प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजना/कार्यक्रमहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| **सि.नं.** | **योजना/कार्यक्रमको नाम** | **प्रस्तावित रकम रु.** |
|---|---|---|
| १ | सशक्तिकरण तथा क्षमता विकास तालिम कार्यक्रम | २,००,०००।- |
| २ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन पुरस्कार | ९०,०००।- |
| ३ | सिपमुलक तथा आय आर्जन कार्यक्रम | ३,००,०००।- |
| ४ | कुडुले महिला सामुदायिक अधुरो भवन निर्माण, क.न.पा.–१ | ५०,०००।- |
| ५ | खानेपानी टयांकी निर्माण, क.न.पा.–४, प्रा.वि. ऐंसेलुजंगार नजिक | ५०,०००।- |
| ६ | आहाले महिला समूह अधुरो भवन निर्माण, क.न.पा.–४ | २५,०००।- |
| ७ | प्रगति महिला समूह अधुरो भवन निर्माण, क.न.पा.–४ | ५०,०००।- |
| ८ | मिलन महिला कृषक समूह अधुरो भवन निर्माण, क.न.पा.–४ | २५,०००।- |
| ९ | रायडिही महिला समूह भवन निर्माण, क.न.पा.–५ | ५०,०००।- |

| | | |
|---|---|---|
| १० | शिवनगर महिला सामुदायिक अधुरो भवन निर्माण, क.न.पा.–६ | ५०,०००।- |
| ११ | बुद्धनगर अधुरो खानेपानी टचांकी निर्माण, क.न.पा.–७ | ५०,०००।- |
| १२ | नवश्रृजना स्वास्थ्य आमा समूह सरसफाई सम्बन्धी कार्य, क.न.पा.-११ | २०,०००।- |
| १३ | सानो भलुवाई सिंचाई कुलो निर्माण, क.न.पा.–१२ | ५०,०००।- |
| १४ | महिला जागरण कृषि संस्थाको भवन निर्माण, क.न.पा.–१२ | २५,०००।- |
| १५ | अधुरो खानेपानी योजना निर्माण, क.न.पा.–१७, सानोगाउँ | ५०,०००।- |
| १६ | चेतना आमा समुह भवन निर्माण, क.न.पा.–१७, गौरनटोल | २५,०००।- |
| १७ | सुकुम्वासीटोल खानेपानी योजना निर्माण, क.न.पा.–१८ | ५०,०००।- |
| १७ | महिला सुरक्षा भवन कम्पाउण्डवाल निर्माण, क.न.पा.–१८ | १,४०,०००।- |

निर्णय नं. ५८. : आ.व. ०७२/०७३ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको बालबालिका लक्षित कार्यक्रमका लागि प्रस्तावित बजेटबाट कार्यान्वियन हुने गरी देहाय बमोजिमका योजना/कार्यक्रमहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | बाल अधिकार सम्बन्धी रेडियो कार्यक्रम | १,२०,०००।- |
| २ | बालमैत्री स्थानीय शासन सम्बन्धी नगरस्तरीय कार्य योजना निर्माण | १,००,०००।- |
| ३ | विभिन्न बालक्लबहरुलाई सहयोग कार्यक्रम | ९०,०००।- |
| ४ | पंचकन्या मा.वि. खानेपानी टचाङ्की निर्माण, क.न.पा.-१, कुडुले | ९०,०००।- |
| ५ | ठाकुरदेवी प्रा.वि. खानेपानी योजना, क.न.पा.-२, दर्लामी | ५०,०००।- |
| ६ | प्रा.वि. ठूल्डाँडा, पहिरो नियन्त्रण र घेराबेरा निर्माण, क.न.पा.-३ | ६०,०००।- |
| ७ | प्रा.वि. धाप्सार फर्निचर, क.न.पा.-३ | ५५,०००।- |
| ८ | कमला नि.मा.वि. खानेपानी योजना, क.न.पा.-३, तिनतले | ५०,०००।- |
| ९ | जनता प्रा.वि. खानेपानी, क.न.पा.-४, कालिमाटी | ५०,०००।- |
| १० | अनाथ बालबालिका सहयोग कार्यक्रम, क.न.पा.-६, बालमन्दिर | ९०,०००।- |
| ११ | बर्देउठाकुर प्रा.वि. खानेपानी तथा सरसफाई, क.न.पा.-७, माझीटार | २५,०००।- |
| १२ | थाक्लेडाँडा नि.मा.वि. फर्निचर, क.न.पा.-८ | ६०,०००।- |
| १३ | बाँसकटेरी नि.मा.वि. घेराबेरा निर्माण, क.न.पा.-८ | ६०,०००।- |
| १४ | केरावारी प्रा.वि. भवन मर्मत तथा खानेपानी, क.न.पा.-९ | ६०,०००।- |
| १५ | हिमचुली प्रा.वि. खानेपानी तथा सरसफाई, क.न.पा.-१३, रानीचुरी | ५०,०००।- |
| १६ | जनता प्रा.वि. खानेपानी तथा सरसफाई, क.न.पा.-१३, ज्यामिरे | ५०,०००।- |
| १७ | ज्ञानज्योति नि.मा.वि. काउछे फिल्ड सम्याउने कार्य, क.न.पा.-१४ | ९०,०००।- |
| १८ | जनज्योति प्रा.वि. भडार सिंढी निर्माण, क.न.पा.-१५ | ९०,०००।- |
| १९ | त्रिवेणी नि.मा.वि. दोभानटार, अधुरो कम्पाउण्डवाल निर्माण, क.न.पा.-१८ | ६०,०००।- |

### आ.ब.२०७१/०७२ को संसोधित तथा आ.ब.२०७२/०७३ को प्रस्तावित बार्षिक कार्यक्रम बिबरण ( सबै खाताको )

| आ.ब.२०७०/०७१को यथार्थ आय रकम | आय शिर्षक | आ.ब.२०७१/०७२को संसोधित आय रकम | आ.ब.२०७२/०७३ को प्रस्ताबित आय रकम | आ.ब.२०७०/०७१को यथार्थ खर्च रकम | ब्यय शिर्षक | आ.ब.२०७०/०७१ को यथार्थ ब्यय रकम | आ.ब.२०७१/०७२ को प्रस्ताबित ब्यय रकम |
|---|---|---|---|---|---|---|---|
| ११११०६१८८।४७ | शुरु मौज्दात | २३७२०४५।७३ | ०० | ६७५५६८०।०० | १.०१.१ तलव कर्मचारी | ७४३८०००।०० | ७६१३०००।०० |
| १२४२०।०० | १.१.१ मालपोत तथा भूमिकर | १०००।०० | १०००।०० | ८०००००।०० | १.०१.३ कर्मचारी कल्याणकोष | ८०००००।०० | ८५००००।०० |
| १५६०४९।६८ | १.१.३ वहाल कर | ३०००००।०० | ३५००००।०० | १३८३३३४।७० | १.२.१ कर्मचारी भत्ता | १२२८७९१।०० | १३४००००।०० |
| २५२२५।०० | १.१.४ विटौरी कर | २७६०००।०० | २८००००।०० | ६९०००।०० | १.२.३ वैठक भत्ता | ६५०००।०० | ८००००।०० |
| १११८२८२।०० | १.१.५ व्यवसाय कर | ११२५०००।०० | ११५००००।०० | ०० | १.०३ सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता | २०२००।०० | २००००।०० |
| १०२००।०० | १.१.६.१ सवारी दर्ता तथा वार्षिक सवारीकर | ११०००।०० | १२०००।०० | २२५०००।०० | १.०४ पोशाक भत्ता | २२५०००।०० | २२५०००।०० |
| ०० | १.१.६.२ पटके सबारी कर | ०० | ०० | ३७५००।०० | १.०५ खाद्यान्न तथा आहार (राशन भत्ता न.प्र) | ३५०००।०० | ३५०००।०० |
| २०९१९१६।०० | १.१.७ सम्पती कर | २१०००००।०० | २२५००००।०० | ४९०१७।०० | १.०८ तालिम कार्यक्रम खर्च | २००००।०० | १०००००।०० |
| २८१५।८० | १.१.८ मनोरन्जन कर | ३०००।०० | ४०००।०० | १०६१३१।७१ | २.०१ पानी तथा विजुली महशुल | ९५०००।०० | ११००००।०० |
| ३६६५०।०० | १.१.९ विज्ञापन कर | ८००००।०० | ८००००।०० | १२०६८७४० | २.०२ संचार महशुल | १०५५११।७२ | ११५०००।०० |
| ०० | **कुल जम्मा स्थानिय कर** | ०० | ०० | १००३४१४।२२ | २.०३ कार्यालय संचालन सम्बन्धी खर्च | ९४७०००।०० | ८७५०००।०० |
| ०० | १.२.१ सबारी पार्किङ्ग शुल्क | ०० | २३००००।०० | ७६७१९।०० | २.०४ भाडा | ११००००।०० | १२००००।०० |
| २९७६०।०० | १.२.४ शार्बजनिक सुबिधा उपयोग सेवा शुल्क | ३००००।०० | ३५०००।०० | ३१०५७९।०० | २.०५ मर्मत तथा सम्भार खर्च | २३४५००।०० | २४९५००।०० |
| ३४०३८९।५० | १.२.६ अचल सम्पती मूल्याङ्कन सेवा शुल्क | ३३५०००।०० | ३५००००।०० | ६१८६९६।०० | २.०६.२ सवारी इन्धन | ४४५०००।०० | ४५००००।०० |
| ०० | १.२.२ महशुल तथा सेवा शुल्क | ५०००।०० | ५०००।०० | १०७५२।०० | २.०६.३ अन्य इन्धन | ३००००।०० | ६००००।०० |
| ०० | **कुल जम्मा सेवा शुल्क** | ०० | ०० | ०० | २.०७.१ परामर्श शुल्क | ०० | १५००००।०० |
| ८६२३६।०० | १.३.१ दर्ता तथा नविकरण दस्तुर | ९००००।०० | ९२०००।०० | २००००।०० | २.८.१ सदस्यता शुल्क | २००००।०० | २००००।०० |
| १४६६८१४।६० | १.३.२ नक्सापास दस्तुर | १५०००००।०० | १५५००००।०० | ७५०।०० | २.८.२ आर्थिक सहायता | १५०००।०० | ३००००।०० |
| ५२१४३६।१५ | १.३.३ सिफारिस तथा बक्सौनी दस्तुर | ५३००००।०० | ५५००००।०० | ८०००।०० | २.८.३ पुरस्कार | १२०००।०० | १५०००।०० |
| ५०५३५।०० | १.३.४ नाता प्रमाणित दस्तुर | ५१०००।०० | ६००००।०० | १७४५३०।०० | २.८.४ परिषद संचालन खर्च | १५००००।०० | १५००००।०० |
| ०० | **कुल जम्मा दस्तुर** | ०० | ०० | ३४८१४०।०० | २.८.५ विविध खर्च | ३३२७२५।०० | ३२५०००।०० |
| २२८११५।३६ | १.७.१ दण्ड जरिवाना | १५५०००।०० | १६००००।०० | २८०८००।०० | ३.०४ सामाजिक सुरक्षा अनुदान | ३०००००।०० | ३५००००।०० |
| १२६३२४९।०० | १.७.२ भाडा तथा वहाल वाट आय | १५५००००।०० | १५६००००।०० | १०१५५।०० | ४.०३ पुस्तक तथा सामाग्री | ८०००।०० | १००००।०० |
| ०० | १.७.२.१ ब्याक हो लोडर भाडा | २५००००।०० | ३०००००।०० | ६९७९०८०।०० | ४.०४ कार्यक्रम खर्च ( बिभिन्न कार्यक्रम समेत ) | ६७४६०५९।०० | ७२०००००।०० |
| १४२४२७।०० | १.७.३ धरौटी जफत | ०० | ०० | ०० | ४.०४.१ ब्याक हो लोडर संचालन खर्च | २५००००।०० | ३०००००।०० |
| ७८००।०० | १.७.५ पेश्की/बेरुजु फिर्ता | ५०००।०० | १००००।०० | ५५८३९५।०० | ४.५.२ कार्यक्रम भ्रमण खर्च कर्मचारी | ४४१०००।०० | ४५५०००।०० |
| ५६३३१०।०८ | १.७.६. अन्य विविध आय | ५०००००।०० | ५५००००।०० | ७३९७५।०० | ४.०६ निर्मित सार्बजनिक सम्पतिको सम्भार खर्च | ४००००।०० | १५००००।०० |
| ०० | **कुल जम्मा अन्य आय** | ०० | ०० | १५७१८६६।०० | ४.०७ नगरको सरसफाई फोहर मैला व्यवस्थापन खर्च | १४४००००।०० | १५७९५००।०० |
| १४२८६०००।०० | २.१.१.१ शशर्त अनुदान नेपाल सरकार | १६९४०६००।०० | १३४३८०००।०० | ६६१२४९।०० | ४.०८ दमकल तथा एम्बुलेन्स सञ्चालन खर्च | ५२५०००।०० | ७३८०००।०० |
| १५७८४९२५।०० | २.१.१.२ निशर्त अनुदान नेपाल सरकार | २५८६१०००।०० | २७८४२०००।०० | ३६१००९।०० | ४.०९ सडक बत्ती महशुल (जडान/मर्मत समेत) खर्च | ३५७५५९।०० | ३७३०००।०० |
| २८७८००।०० | २.२.१.१ ससर्त अनुदान जि.वि.स. | ३०००००।०० | ३५००००।०० | २५५३७०।०० | १२ फिर्ता खर्च | ३३७६००।०० | ३३५०००।०० |
| ३९८७१२३।०० | २.३.१.१ अन्य निकायबाट प्राप्त अनुदान | ४०५११२९।०० | ३७५००००।०० | ०० | ९.०१ भैपरि आउने खर्च | ५००००।०० | ५००००।०० |
| ३६७५००।०० | ३.१.२ बिकी वाट बाडफाड जि.बि.स | ६०००००।०० | ४०००००।०० | २८२५०।०० | ६.०१ फर्निचर खरिद | ८५०००।०० | ५००००।०० |
| ६४८९७५०।०० | ८.१.१ जनसहभागिता /लागत सहभागिता | ११४०००००।०० | ११४०००००।०० | ९५१३९।०० | ६.०३ मेसिनरी औजार तथा उपकरण खरिद | २८२०००।०० | ४०००००।०० |
| १९२६००००।०० | ८.१.२ लागत सहभागिता जगेडा कोष | १९५०००००।०० | १९५०००००।०० | ५२७४०९७१।७४ | ६.०५ शार्बजनिक निर्माण खर्च (म्याचिङ्ग अनुदान समेत ) | ६९९२४८७९।०१ | ६४६८६०००।०० |
| ०० | **कुल जम्मा बाह्य श्रोत** | ०० | ०० | ६०५३५२।०० | ६.०७ अध्ययन तथा पुजिगत प्राबिधिक परामर्श सेवा | ६०००००।०० | ६०००००।०० |
| ३८७७९२६।०० | मालपोत रजिष्ट्रेशन बापत | ४८८०४००।०० | ४५०००००।०० | ३४१५११७३५ | १०.०१ आन्तरीक ऋणको साबा ब्याज भुक्तानि | १०८६३५०।०० | ५५००००।०० |
| १०८४८८७३।३४ | बिशेष,कर्मचारी कल्याण कोषमा बाकी | ०० | ०० | **१४६९५०५६।८६** | **बैक बाकि मौज्दात** | ०० | ०० |
| **९४४४९७१६।९८** | **कुल जम्मा आय** | **९४८०२१७४।७३** | **९०७५९०००।००** | **९४४४९७१६।९८** | **कुल जम्मा ब्यय** | **९४८०२१७४।७३** | **९०७५९०००।००** |

## कमलामाई नगरपालिका कार्यालय सिन्धुली
## आ.ब.२०७१/०७२ को
## जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त (शहरी स्वास्थ्य कार्यक्रम ) खाता तर्फको तर्फको वार्षिक कार्यक्रम बिबरण

| आ.ब. २०७०/०७१ को यथार्थ आय रकम | आय शिर्षक | आ.ब. २०७१/०७२ को संसोधित आय रकम | आ.ब. २०७२/०७३ को प्रस्ताबित आय रकम | आ.ब. २०७०/०७१ को यथार्थ ब्यय रकम | ब्यय शिर्षक | आ.ब. २०७१/०७२ को संसोधित ब्यय रकम | आ.ब. २०७२/०७३ को प्रस्ताबित ब्यय रकम |
|---|---|---|---|---|---|---|---|
| ७६२९०२।०० | जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त | ६२४०००।०० | १००००००।०० | ७६२९०२।०० | शहरी स्वास्थ्य कार्यक्रम ( निर्देशिका बमोजिम ) | १०४७२९६।०० | १००००००।०० |
| ४२३२९६।०० | गत बर्षको अल्या | ४२३२९६।०० | ०० | ४२३२९६।०० | बैंक बाकि रकम | ०० | ०० |
| ११८६१९८।०० | **कुल जम्मा** | १०४७२९६।०० | १००००००।०० | ११८६१९८।०० | **कुल जम्मा** | १०४७२९६।०० | १००००००।०० |

## कमलामाई नगरपालिका कार्यालय सिन्धुली
## आ.ब.२०७१/०७२ को
## प्लान नेपालबाट प्राप्त रकम तर्फको वार्षिक कार्यक्रम बिबरण

| आ.ब. २०७०/०७१ को यथार्थ आय रकम | आय शिर्षक | आ.ब. २०७१/०७२ को संसोधित आय रकम | आ.ब. २०७२/०७३ को प्रस्ताबित आय रकम | आ.ब. २०७०/०७१ को यथार्थ ब्यय रकम | ब्यय शिर्षक | आ.ब. २०७१/०७२ को संसोधित ब्यय रकम | आ.ब. २०७२/०७३ को प्रस्ताबित ब्यय रकम |
|---|---|---|---|---|---|---|---|
| १४८०४५०।०० | प्लान नेपालबाट प्राप्त अनुदान सहयोग | ५५८४३८।०० | ६५००००।०० | १०७३३२८।०० | ४.०४ निकृष्ट बालश्रम उन्मुलन कार्यक्रम | ५५८४३८।०० | ६५००००।०० |
| ०० | | ०० | ०० | ४०७१२२।०० | बाकि रकम फिर्ता | ०० | ०० |
| १४८०४५०।०० | **कुल जम्मा** | ५५८४३८।०० | ६५००००।०० | १४८०४५०।०० | **कुल जम्मा** | ५५८४३८।०० | ६५००००।०० |

**कमलामाई नगरपालिका कार्यालय सिन्धुली**
**आ.ब.२०७१/०७२को**
**संसोधित वार्षिक कार्यक्रम बिबरण ( सबै खाताको एकमुष्ट )**

| संसोधित आय | | | संसोधित व्यय | | | |
|---|---|---|---|---|---|---|
| सि.नं | आय शिर्षक ( खाता ) | रकम | सि.नं | व्यय शिर्षक (खाता) | रकम | जम्मा रकम |
| १ | नगरपालिका अनुदान | २०१२१०००।०० | १ | **चालु खर्च खाता** | | |
| २ | स्थानिय बिकास शुल्क कोष ( चालु खर्च ) | ५७४००००।०० | | स्थानिय बिकास शुल्क कोष | ७४६५०००।०० | |
| ३ | स्थानिय बिकास शुल्क कोष ( पुजिगत खर्च ) | ७२५००००।०० | | स्थानिय स्वायत्त शासन तथा सामदायिक बिकास कार्यक्रम | ४४९०६००।०० | |
| ४ | स्थानिय यातायात पूर्बाधार क्षेत्रगत कार्यक्रम | ५००००००।०० | | आन्तरिक श्रोत | ८७३०२११।७२ | |
| ५ | स्थानिय स्वायत्त शासन तथा सामदायिक बिकास कार्यक्रम चालु | ४४९०६००।०० | | जि.बि.स.अनुदान (सा.सु.अनुदान दलित बालबालिका ) | ३०००००।०० | |
| ६ | थानिय स्वायत्त शासन तथा सामदायिक बिकास कार्यक्रम पुजिगत | २०००००।०० | | शहरी स्वास्थ्य कार्यक्रम | १०४७२९६।०० | |
| ७ | आन्तरिक श्रोत | ८७८२२११।७२ | | मालपोत रजिष्ट्रेशन बापत फिर्ता खर्च | २३२४००।०० | |
| ८ | स्थानिय बिकास शुल्क (लागत सहभागिता) जगेडा कोष | ३०३६८७१२।०१ | | निकृष्ट बालश्रम उन्मुलन कार्यक्रम प्लान नेपाल कार्यक्रम | ५५८४३८।०० | |
| ९ | जि.बि.स.अनुदान (सा.सु.अनुदान दलित बालबालिका ) | ३०००००।०० | | **कुल जम्मा चालु खर्च** | २२८२३९४५।७२ | २२८२३९४५।७२ |
| १० | जि.बि.स. बिक्रिबाट आय | ६०००००।०० | २ | **पुजिगत खर्च खाता** | | |
| ११ | मालपोत रजिष्ट्रेशन बापत (गत बर्षको अल्या समेत) | ६१०३२६६।०० | | नगरपालिका अनुदान | २०१२१०००।०० | |
| १२ | सडक बोर्ड नेपाल (गत बर्षको अल्या समेत) | ४२४०६५१।०० | | स्थानिय बिकास शुल्क कोष | ५५२५०००।०० | |
| १३ | शहरी स्वास्थ्य कार्यक्रम (गत बर्षको अल्या समेत) | १०४७२९६।०० | | स्थानिय यातायात पूर्बाधार क्षेत्रगत कार्यक्रम | ५००००००।०० | |
| १४ | निकृष्ट बालश्रम उन्मुलन कार्यक्रम प्लान नेपाल कार्यक्रम | ५५८४३८।०० | | आन्तरिक श्रोत | ६५२०००।०० | |
| | | | | स्थानिय बिकास शुल्क (लागत सहभागिता) जगेडा कोष | ३०३६८७१२।०१ | |
| | | | | मालपोत रजिष्ट्रेशन बापत | ५८७०८६६।०० | |
| | | | | सडक बोर्ड नेपाल | ४२४०६५१।०० | |
| | | | | स्थानिय स्वायत्त शासन तथा सामदायिक बिकास कार्यक्रम | २०००००।०० | |
| | | | | **कुल जम्मा पुजिगत खर्च** | ७१९७८२२९।०१ | ७१९७८२२९।०१ |
| | **कुल जम्मा आय रकम** | ९४८०२१७४।७३ | | **कुल जम्मा व्यय रकम** | ९४८०२१७४।७३ | ९४८०२१७४।७३ |

**चालु खर्च तर्फ प्रस्ताबित रकम रु.२२८२३९४५.७२ ( २४.०७% प्रतिशत )**
**<u>पुजिगत खर्च तर्फ प्रस्ताबित रकम रु.७१९७८२२९.०१ ( ७५.९३%प्रतिशत )</u>**
**जम्मा प्रस्ताबित रकम रु.९४८०२१७४.७३ ( १००%प्रतिशत )**

**कमलामाई नगरपालिका कार्यालय सिन्धुली**
**आ.ब.२०७२/०७३ को**
**प्रस्तावित वार्षिक कार्यक्रम बिबरण ( सबै खाताको एकमुष्ट )**

| प्रस्तावित आय | | | प्रस्तावित ब्यय | | | |
|---|---|---|---|---|---|---|
| सि.नं | आय शिर्षक ( खाता ) | रकम | सि.नं | ब्यय शिर्षक (खाता) | रकम | जम्मा रकम |
| १ | नगरपालिका अनुदान | २१२४१०००।०० | १ | **चालु खर्च खाता** | | |
| २ | स्थानिय बिकास शुल्क कोष ( चालु खर्च ) | ६६०१०००।०० | | स्थानिय बिकास शुल्क कोष | ६६०१०००।०० | |
| ३ | स्थानिय बिकास शुल्क कोष ( पुजिगत खर्च ) | ८३३८०००।०० | | स्थानिय स्वायत्त शासन तथा सामदायिक बिकास कार्यक्रम | ४८०००००।०० | |
| ४ | स्थानिय स्वायत्त शासन तथा सामदायिक बिकास कार्यक्रम चालु | ५१०००००।०० | | आन्तरिक श्रोत | ८८०९०००।०० | |
| ५ | आन्तरिक श्रोत | ९५७९०००।०० | | जि.बि.स.अनुदान (सा.सु.अनुदान दलित बालबालिका ) | ३५००००।०० | |
| ६ | स्थानिय बिकास शुल्क (लागत सहभागिता) जगेडा कोष | ३००००००००।०० | | शहरी स्वास्थ्य कार्यक्रम | १००००००।०० | |
| ७ | जि.बि.स.अनुदान (सा.सु.अनुदान दलित बालबालिका ) | ३५००००।०० | | मालपोत रजिष्ट्रेशन बापत | २२५०००।०० | |
| ८ | जि.बि.स. बिक्रिबाट आय | ४०००००।०० | | निकृष्ट बालश्रम उन्मुलन कार्यक्रम प्लान नेपाल कार्यक्रम | ६५००००।०० | |
| ९ | मालपोत रजिष्ट्रेशन बापत | ४५०००००।०० | | **कुल जम्मा चालु खर्च** | २२४३५०००।०० | २२४३५०००।०० |
| १० | सडक बोर्ड नेपाल | ३००००००।०० | २ | **पुजिगत खर्च खाता** | | |
| ११ | शहरी स्वास्थ्य कार्यक्रम | १००००००।०० | | नगरपालिका अनुदान | २१२४१०००।०० | |
| १२ | निकृष्ट बालश्रम उन्मुलन कार्यक्रम प्लान नेपाल कार्यक्रम | ६५००००।०० | | स्थानिय बिकास शुल्क कोष | ८३३८०००।०० | |
| | | | | स्थानिय स्वायत्त शासन तथा सामदायिक बिकास कार्यक्रम | ३०००००।०० | |
| | | | | आन्तरिक श्रोत | ११७००००।०० | |
| | | | | स्थानिय बिकास शुल्क (लागत सहभागिता) जगेडा कोष | ३००००००००।०० | |
| | | | | मालपोत रजिष्ट्रेशन बापत | ४२७५०००।०० | |
| | | | | सडक बोर्ड नेपाल | ३००००००।०० | |
| | | | | **कुल जम्मा पुजिगत खर्च** | ६८३२४०००।०० | ६८३२४०००।०० |
| | **कुल जम्मा आय रकम** | ९०७५९०००।०० | | **कुल जम्मा ब्यय रकम** | ९०७५९०००।०० | ९०७५९०००।०० |

**चालु खर्च तर्फ प्रस्ताबित रकम रु.२२४३५०००.०० ( २४.७२% प्रतिशत )**
**पुजिगत खर्च तर्फ प्रस्ताबित रकम रु.६८३२४०००.०० ( ७५.२८%प्रतिशत )**
**जम्मा प्रस्ताबित रकम रु.९०७५९०००.०० ( १००%प्रतिशत )**

निर्णय नं. ६९. : नगरपालिकाको कार्य सम्पादन गर्ने क्रममा आइपर्ने विविध अवस्था मनन गरी नगरपरिषद् बैठक नबसेसम्म परिषद्को समेत अधिकार प्रयोग गर्ने न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ७०. : यस नगरपालिकाको आ.व. ०७२/०७३ को लागि देहाय बमोजिमको नीति, कार्यक्रम तथा वजेट स्वीकृत गर्ने

**प्रमुख अतिथिज्यूहरु,**

**विशेष अतिथिज्यू,**

**प्रमुख जिल्ला अधिकारीज्यू,**

**स्थानीय विकास अधिकारीज्यू**

**जिल्लास्तरीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,**

**विभिन्न कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधिज्यूहरु,**

**नगरपालिका एकीकृत योजना तर्जुमा समितिका पदाधिकारीज्यूहरु,**

**नगरपालिका सुपरिवेक्षण तथा अनुगमन समितिका पदाधिकारीज्यूहरु,**

**नगरपालिकाका निवर्तमान जनप्रतिनिधिज्यूहरु,**

**उद्योग वाणिज्य संघका अध्यक्षज्यू,**

**गैर सरकारी एवं सामुदायिक संघसंस्थाहरु एवं विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,**

**नेपाल पत्रकार महासंघका सभापतिज्यू तथा संचारकर्मी मित्रहरु,**

**आमन्त्रित समाजसेवी, बुद्धिजिवी, कर्मचारी मित्रहरु लगायत उपस्थित महानुभावहरु,**

सर्वप्रथम म विभिन्न कालखण्डमा राजनीतिक तथा सामाजिक परिवर्तनका साथै लोकतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरुमा भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्दछु साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। शहीदहरुको सपना र मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु।

आ-आफ्ना कार्य व्यस्तताका बाबजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस परिषद्लाई उच्च प्राथमिकता दिई प्रमुख अतिथिको रुपमा उपस्थित हुनु हुने संविधानसभाका माननीय सदस्यज्यूहरु, विशेष अतिथिज्यू, जिल्लास्तरीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सम्पूर्ण कार्यालयका कार्यालय प्रमुखज्यूहरु साथै विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, हाम्रा सुख दुःखमा सदैव साथ दिनु हुने आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबैनी लगायत समस्त उपस्थित महानुभावहरुमा नगरपालिका कार्यालयको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

शहीद वीरपुर्खाहरुको वीर गाथबाट चीरपरिचित सिन्धुली जिल्लाको शीरमा रहेको ऐतिहासिक सिन्धुलीगढीको छत्रछायाँमा अवस्थित यस नगरपालिकाको २० औं नगरपरिषद्बाट पारित आ.व. ०७२/०७३ को नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

**आदरणीय महानुभावहरु,**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को मर्म अनुरुप विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीयस्तरमा स्थानीय आवश्यकताहरुको पहिचान गरी, स्थानीय साधन स्रोतको अधिकतम सदुपयोगका साथ स्थानीयवासीको आवश्यकता पूर्ति गर्ने अहम् जिम्मेवारी स्थानीय निकायले निर्वाह गर्दै आएका छन्। योजना तथा कार्यक्रम छनौट एवं परिचालन गर्दा समावेशी रुपमा सहभागितात्मक पद्धति अवलम्बन गरी मूलतः महिला, बालबालिका, आदिवासी, जनजाति, दलित, अपाङ्ग साथै पिछडिएका अन्य वर्ग तथा समुदाय लगायत विकासको मुलधारबाट टाढा रहेको समुदायलाई प्राथमिकता दिई विकासमा सहभागी हुन समेत थप जोड दिएको छ। प्रस्तुत नीति, कार्यक्रम तथा बजेट स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली, २०५६ तथा सो सम्बद्ध नियमावली एवं कार्यविधिहरुले निर्दिष्ट गरेका प्रावधानहरु, मन्त्रालयबाट प्राप्त मार्गदर्शन एवं बजेट सिलिंग योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरुका आधारमा तयार गरिएको छ। यसैगरी क्रमागत आयोजनाहरु एकीकृत योजना तर्जुमा समितिमा राजनीतिक दलका पदाधिकारी सहितको बैठकमा छलफल गरी छनौट गरिएका योजनाहरु र नगरपालिकाले गर्नैपर्ने फोहोरमैला व्यवस्थापन, बसपार्क निर्माण जस्ता कार्यक्रमलाई विशेष जोड दिएको छु।

स्थानीय सरकारको रुपमा रहेका स्थानीय निकायहरुमा जननिर्वाचित प्रतिनिधिहरु नभएको अवस्थामा पनि स्थानीय सरकारको अवधारणा अनुसार यस परिषद्मा नीति, कार्यक्रम तथा बजेट तर्जुमाको प्रक्रियामा वडावासी, कर्मचारी, विभिन्न विषयगत तथा समन्वय समिति, एकीकृत योजना तर्जुमा समिति तथा राजनीतिक दलसँग समेत गहन छलफल गरी उहाँहरुको सक्रिय एवं गुणात्मक सहभागिताबाट यस बजेट वक्तव्यको साथै वार्षिक नगर विकास योजना तयार गरिएको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्दछु ।

**आदरणीय महानुभावहरु,**

यस नगरपालिका भौतिक पूर्वाधार, सामाजिक तथा आर्थिक विकासका हिसाबबाट हेर्दा अन्य शहरी क्षेत्र भन्दा पछि परेको अवस्था छ । निजी क्षेत्रको सक्रिय सहभागिताको कमी, व्यवसायिक विकासको उपयुक्त वातावरणको कमि, न्यून रोजगारी सिर्जनाका कारण युवा जनशक्तिको विकसित शहरी क्षेत्र तथा विदेश पलायनजस्ता सामाजिक आर्थिक चुनौतीहरुका कारण शहरी गरिवी उच्च देखिएको छ । नगर विकासको सन्दर्भमा भौगोलिक विषमता, खोला/नदीको तीव्र कटानी, छरिएर रहेको वस्ती, आन्तरिक श्रोत साधनको न्यूनता, नगरपालिकाको संस्थागत क्षमतामा कमि जस्ता चुनौतीहरु रहेका छन् । तथापी यस्ता चुनौतीहरुको सामना गर्दै नगरपालिकालाई प्राप्त हुने श्रोत साधनको समुचित परिचालन मार्फत नगरपालिका र समग्र नगरवासीको सर्वाङ्गीण विकासमा नगरपालिका निरन्तर लागि परेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

नगरवासीहरुको आवश्यकता र आकांक्षालाई पुरा गराउन नगरपालिकाले नेपाल सरकार/सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट विभिन्न शीर्षकमा प्राप्त भएको अनुदान रकम तथा आन्तरिक आय समेतलाई राजनीतिक दल तथा अन्य सबै सरोकारवालाहरुको सल्लाह र सहमतिमा नगरपालिका क्षेत्र भित्रकै सडक निर्माण, मर्मत र विस्तार, विद्यालय तथा उच्च मा.वि. र क्याम्पसको भवन निर्माण, खानेपानी, पुल, सिंचाई, नदी नियन्त्रण, पार्क, सामुदायिक भवन जस्ता भौतिक पूर्वाधार निर्माण तथा सामाजिक क्षेत्र विकासका कार्यक्रममा विनियोजन गरी उक्त कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको व्यहोरा यहाँहरुलाई विदितै छ ।

**आदरणीय महानुभावहरु,**

***आ.व. ०६९/०७० को न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (MCPM) मा उत्कृष्ट अंक प्राप्त गरी नवौं स्थानमा पर्न सफल भई आ.व. ०७०/०७१ मा भन्दा उल्लेख्य रुपमा अनुदानमा वृद्धि हुनुपर्नेमा नयाँ नगरपालिका घोषणा हुनाले अपेक्षित पूँजीगत अनुदान लगायत अन्य क्षेत्रगतरुपमा प्राप्त हुनुपर्ने बजेट प्राप्त हुन नसकेको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु । यद्दपी नगरपालिकालाई नवौं स्थान हासिल गर्न सहयोग पुऱ्याउनु हुने राजनीतिक दलहरु, सामाजिक संघ संस्था, समाज सेवी, उद्यमी, व्यापारी, शिक्षक, बुद्धिजीवी, पत्रकार तथा सञ्चारकर्मी मित्रहरु लगायत समस्त आदरणीय नगरवासीहरु र कार्य सम्पादनलाई प्रभावकारी बनाउन अहोरात्र खटिने सहकर्मी कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । अब म विगतमा लिइएका नीतिलाई कायम नै राखी आर्थिक वर्ष ०७२ /०७३ का लागि यस नगरपालिकाको थप प्रस्तावित नीति, कार्यक्रम तथा अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न गइरहेकोछु ।***

**क) शहरी विकास तथा भौतिक पूर्वाधार नीति :**

१. नगरपालिकाको आवधिक योजनाले परिकल्पना गरेको नारा ***"सुन्दर, सुरक्षित, समृद्ध र गतिशील शहर, हिमाल तराईको मिलनविन्दु कमलामाई नगर"*** लाई साकार पार्न आवश्यक योजना तथा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२. नयाँ योजना छनौटमा भन्दा अत्यावश्यक क्रमागत तथा अधुरा कार्यक्रम सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।

३. सहभागितात्मक योजना तर्जुमाको चरणहरु पूरा गरी आएका सडक, खानेपानी, सिंचाई, तटबन्धन, भवन लगायतका भौतिक पूर्वाधारका योजनाहरु बजेटको सीमा र परिधिभित्र रही प्राथमिकताको आधारमा निर्माण तथा संचालन गरिनेछ ।

४. राष्ट्रिय भवन संहिता कार्यान्वयनको लागि प्रथम चरणमा ३३ जना मिस्त्रीहरुलाई तालिम दिई सकिएको छ भने दोश्रो चरणको मिस्त्री तालिम र नगरपालिकामा सूचीकृत प्राविधिकहरुको लागि तालिमको व्यवस्था गरिनेछ । आवश्यक तालिम तथा प्रचार प्रसारको कार्यमा जोड दिइनेछ । सरोकारवाला संघ संस्था तथा व्यक्तिहरु र विद्यालयस्तरीय अनुशिक्षण तथा अभिमुखीकरण कार्यक्रम गरी आ.व. ०७२/०७३ सम्ममा भवन संहितालाई पूर्ण रुपमा कार्यान्वयनमा लैजान पहल गरिनेछ ।

५. नगरक्षेत्रभित्र अनियन्त्रित र अव्यवस्थितरुपमा जग्गा प्लटिङ्को कार्य बढ्दै गएको सन्दर्भमा भू-उपयोग योजना तयार नहुन्जेलसम्मको लागि अव्यवस्थित जग्गा प्लटिङ्को कार्यलाई नियन्त्रण गर्नको लागि जग्गा प्लटिङ् सम्बन्धी मापदण्ड तयार गरी २०७१ माघबाट लागू गरिनेछ ।

६. ***"नगरवासीको चाहना : उज्यालो नगरपालिका हाम्रो कामना"*** भन्ने नाराका साथ आगामी तीन वर्ष भित्र नगरपालिकाका सबै वडाहरुमा विद्युत तथा संचार सुविधालाई विस्तार गर्नको लागि चालु आ.व. देखि शुरु गरिएको कार्यक्रमलाई निरन्तरता दिन सम्बन्धित निकाय समक्ष आवश्यक सहयोगको लागि पहल गरिनेछ ।

७. नगरपालिकाको क्षेत्रगत योजना तयार गरी कार्यान्वयन गर्ने सन्दर्भमा नगरस्तरीय सडक गुरुयोजना तथा भू-उपयोग योजना तयारीको लागि विभिन्न मत्रालयहरुसँग अनुरोध गरिनेछ ।

**ख) कृषि तथा सहकारी नीति :**

८. कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले कृषि सिंचाईका योजनाहरु संचालनका लागि प्राथमिकता दिइनेछ ।

९. ***"हाम्रो स्वास्थ्य : हाम्रै करेसाबारी"*** भन्ने कुरालाई मूलमन्त्र मानी कृषियोग्य भूमिलाई संरक्षणका साथ नगरपालिका क्षेत्रलाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन व्यवसायिक प्राङ्गारिक कृषि खेतीलाई प्रोत्साहन दिइनेछ ।

१०. नगरक्षेत्रभित्र उत्कृष्ट कार्य गर्ने कृषक समुह/कृषि सहकारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

**ग) शिक्षा, पर्यटन, युवा तथा खेलकुद र संस्कृतिसम्बन्धी नीति :**

११. विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि विद्यालय जान सक्ने वातावरण सृजना गर्न र सामाजिक भेदभाव अन्त्य गर्ने सम्बन्धमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. नगरक्षेत्रभित्र सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. परीक्षामा उत्कृष्ट हुने एक/एक जना छात्र/छात्रालाई पुरस्कृत एवं सम्मान गरिनेछ ।

१३. कमलामाई मन्दिरको विस्तृत गुरुयोजना यसै आर्थिक वर्षमा तयार गरिनेछ भने कमलामाई जन्मस्थल र महादेवमाडी लगायत नगरपालिकाभित्र रहेका सम्पूर्ण धर्म सम्प्रदायका साँस्कृतिक, पुरातात्विक, धार्मिक महत्वका मन्दिर, गुम्बा, चर्च, सिद्ध गुफा जस्ता संरचनाहरु र त्यस्ता क्षेत्रको विकास, संरक्षण र प्रचार प्रसारमा जोड दिईनेछ ।

१४. कमलामाई मन्दिर, कालीमाई मन्दिर, सिद्धबाबा, भद्रकालीहुँदै प्रसिद्ध ऐतिहासिक महत्व बोकेको सिन्धुलीगढीसम्म धार्मिक पर्यटकीय मार्गको रुपमा विकास गरी आन्तरिक एवं बाह्य पर्यटन क्षेत्रको विकास एवं प्रवर्द्धनमा पहल गरिनेछ ।

१५. ऐतिहासिक सिन्धुलीगढी युद्धको क्रममा महत्वपूर्ण भूमिका खेलेको यस नगरपालिका वडा नं.४ मा अवस्थित जीतपुरको संरक्षण तथा सम्वर्द्धनमा जोड दिइनेछ ।

१६. नगरक्षेत्रमा खेलकुदको विकास एंव प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालनका लागि जिल्ला खेलकुद विकास समितिसँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

**घ) आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति :**

१७. यस नगरपालिकाको वडा नं.६ मा अवस्थित नगरपालिकाको स्वामित्वमा रहेका विकसित घडेरीहरु विक्री गरी साथै अन्य स्रोतहरु पहिचान गरी नगरपालिकाको दायित्व भित्र रहेको एशियाली विकास बैंकबाट प्राप्त ऋण सहयोगको साँवा व्याज भुक्तानी गर्ने नीति लिइनेछ ।

१८. राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा करको दायरा फराकिलो पारी सबै व्यवसायलाई करको दायरामा ल्याउन आवश्यक पहल गरिनुको साथै विगत आ.व. बाट आंशिक रुपमा शुरु गरिएको घर बहाल करलाई चालु आ.व. बाट पूर्ण रुपमा लागू गरिनेछ ।

१९. करदाताको सुविधालाई मध्यनजर गर्दै कर संकलन कार्यलाई सरोकारवालाको सल्लाह र सहमतिमा थप प्रभावकारी र सहज बनाईनेछ ।

२०. नगरपालिकामा विभिन्न शीर्षकमा रहेको बेरुजुको आयतनलाई बढ्न नदिनका लागि कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्दा कामको मूल्याङ्कनको आधारमा भुक्तानी दिने गरी पेश्की शुन्य अभियानलाई निरन्तरता दिइनेछ ।

**ङ) सामाजिक विकाससम्बन्धी नीति :**

२१. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ मा व्यवस्था भए अनुसार लक्षित वर्ग तर्फका कार्यक्रम छनौट गर्दा वडा भेला तथा आवधिक योजना र सरोकारवालाहरुको सुझावहरुलाई मध्यनजर गरी योजना तथा कार्यक्रम छनौट गरिनेछ ।

२२. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार बालबालिकामूखी कार्यक्रम संचालन गरिनेछ साथै नगरपालिका क्षेत्रबाट निकृष्ट बालश्रम उन्मूलन गर्न दातृ निकाय र विभिन्न गैससको साझेदारीमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

२३. नगरपालिकाभित्र विभिन्न सरकारी, गैर सरकारी संघ, संस्थाबाट संचालन हुने कार्यक्रममा दोहोरोपना हटाउन सम्वद्ध निकायसँग आवश्यक समन्वय गरिनेछ ।

२४. सबै जातजातिका अति विपन्न महिला, आदिवासी, दलित, अपाङ्ग, मुस्लिम लगायत विकासको दृष्टिकोणले पछाडि परेका वर्गलाई विकासका हरेक क्रियाकलापहरुमा सहभागी गराई क्षमता विकास र सशक्तिकरणमा जोड दिइनेछ ।

२५. लैङ्गिक विकासका लागि समानुपातिक व्यवहार, लैगिङ्ग बजेट र सशक्तिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

**च) संचार क्षेत्र एवं पत्रकारिता विकास नीतिः**

२६. नगरक्षेत्र भित्रका सामुदायिक रेडियोहरुको संस्थागत विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

२७. स्थानीय पत्रपत्रिका एंव स्थानीय एफ. एम. रेडियो मार्फत नगरका गतिविधिहरु, प्रकाशन, एवं प्रसारण गरिनेछ ।

२८. संचार तथा पत्रकारिताको विकास अभिवृद्धि गर्न नगरपालिकाले उपलब्ध गराउँदै आएको सहयोग एवं सहकार्यलाई निरन्तरता दिइनेछ ।

**छ) सार्वजनिक-निजी साझेदारी नीतिः**

२९. सार्वजनिक निजी साझेदारी (एएए) अवधारणा अन्तर्गत निजी क्षेत्रहरुसंगको सहकार्यमा विशेष जोड दिइनेछ ।

३०. मासु पसल सुधार र पशु वधशाला निर्माण जस्ता कार्यक्रमहरु सार्वजनिक निजी साझेदारीमा संचालन गर्न पहल गरिनेछ ।

३१. हाटबजार, मनोरञ्जन पार्क, पुस्तकालय आदि निर्माण एवं संचालन तथा फोहरमैला र सरसफाइ व्यवस्थापनको कार्यलाई सार्वजनिक-निजी साझेदारीमा संचालन गरिनेछ ।

३२. जिल्लास्थित उद्योग वाणिज्य संघसँग सम्भावित विकासका क्षेत्रहरुको पहिचान गरी साझेदारीलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

**ज) सुशासन प्रवर्द्धन तथा संगठन विकास नीतिः**

३३. नगरपालिकाले संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीलाई निरन्तरताको साथै अझ प्रभावकारी बनाइनेछ ।

३४. नगरपालिकाका विभिन्न संयन्त्रका पदाधिकारीहरु तथा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

३५. उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ । साथै संगठन विकास अध्ययन प्रतिवेदन ९इम० लाई समयानुकुल परिमार्जन गरी नियमानुसार कार्यान्वयनमा लगिनेछ ।

३६. कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई क्रमशः आधुनिक प्रविधि र सूचना प्रविधिमैत्री बनाई थप प्रभावकारी बनाइनेछ ।

३७. आयोजना तथा कार्यक्रमहरुको प्रभावकारिता बढाउन अनुगमन कार्यलाई अझ सशक्त बनाइनेछ ।

३८. व्यक्तिगत घटना दर्ता र कर संकलन कार्यलाई सेवाग्राही तथा करदाताको घरदैलोमा पुऱ्याउने कार्यलाई अझ विस्तार गरी सेवा प्रवाहलाई थप चुस्त दुरुस्त बनाउने उद्देश्यले व्यक्तिगत घटना दर्ता सम्बन्धी फारामहरुलाई Computerized गरी सो को Software प्रयोगमा ल्याइएको छ । जसबाट व्यक्तिगत घटनादर्तासम्बन्धी काम कारवाही अझ छिटो छरितो हुने विश्वास लिइएको छ

**झ) सामाजिक परिचालन तथा टोल विकास नीति :**

३९. नगरपालिकाका क्रियाकलापमा स्थानीयवासीहरुको प्रभावकारी सहभागिता अभिवृद्धि गर्न टोल विकास संस्था, टोल सुधार समिति गठन प्रकृयालाई निरन्तरता दिईनेछ । टोल विकास संस्था/टोल सुधार समितिलाई फोहरमैला व्यवस्थापन लगायत नगरक्षेत्रको काम कारवाहीमा सहभागिता जनाउन उत्प्रेरित गर्नुको साथै थप जिम्मेवार बनाइनेछ ।

४०. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Lgk|mPo) अन्तर्गत नगर क्षेत्र भित्रका सम्पूर्ण वडाहरुमा महिला, आदिवासी, जनजाति, दलित, अपाङ्ग तथा विपन्न वर्गहरुको लागि लक्षित गरी शुरु गरिएको सामाजिक परिचालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ञ) वन उद्योग र वातावरण नीति :

४१. ***"नगरवासीको कामना : हरियाली पर्यटकीय नगर हाम्रो चाहना"*** भन्ने अभिव्यक्तिलाई साकार रुप दिन सडकको दुवैतिर वृक्षारोपण गरी हरियाली प्रवर्द्धनको कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ । यस कार्यमा सबैको सहभागिता अभिवृद्धि गर्ने नीति लिईनुका साथै सडकको नयाँ ट्र्याक खोल्दा विनियोजित अनुदानको १०% रकम अनिवार्य रुपमा बहुउपयोगी जातका बिरुवालाई प्राथमिकता दिई वृक्षारोपण कार्यमा लगाइनेछ ।

४२. वातावरणमैत्री स्थानीय शासनको प्रारुपमा उल्लेखित सूचकहरुको उपलब्धिको लागि तदनुरुप कार्यक्रमहरु संचालन गरिनेछ । तद्अनुरुप कार्यक्रमहरु संचालन गरी क्रमशः हरित नगर (Green City) को अवधारण अवलम्वन गरिनेछ ।

## ट) स्वास्थ्य तथा सरसफाइ नीति :

४३. सड्ने र नसड्ने फोहोर छुट्याएर राख्ने र सड्न सक्ने फोहोरलाई घरमै कम्पोष्ट मल बनाउन कम्पोष्ट विन वितरण गर्ने कार्यलाई निरन्तरता दिई फोहरलाई श्रोतमा नै वर्गीकरण गरी फोहोरमैला व्यवस्थापन कार्यमा सार्वजनिक निजी साझेदारीको नीतिलाई अवलम्वन गरिनेछ ।

४४. नगरपालिका एकीकृत शहरी विकास केन्द्र तथा अन्य संघ संस्थाहरुको सहकार्यमा खुला दिसामुक्त क्षेत्र घोषणा गरिनेछ ।

४५. विगत वर्ष देखि शुरु गरिएको ग्वाङ्खोला सफाई कार्यलाई सम्बन्धित निकायहरुसँग समन्वय गरी निरन्तरता दिइनेछ ।

४६. फोहरमैलाको उचित व्यवस्थापन गर्न प्रस्तावित फोहरमैला निकास स्थल (Land Fill Site) वडा नं.-४ को क्वान्द्रे खोल्सी शिरमा Land Fill Site निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

४७. जनस्वास्थ्यसँग सम्वन्धित कार्यक्रमहरुलाई नगर क्षेत्रमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला स्वास्थ्य कार्यालय र अन्य स्वास्थ्य सेवा प्रदायक निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

## ठ) अन्य विविध क्षेत्रः

४८. भिमान बजार जस्ता विगत देखि नै भोग चलनमा रहेका ऐलानी जग्गालाई दर्ता प्रकृयामा आवश्यक पहल गरिनेछ ।

४९. नगरक्षेत्र भित्र सडक बत्ती व्यवस्थापन गर्दा विद्युत महशुल लगायतका सबै कार्यमा स्थानीय जनताको ५०% र न.पा.को ५०% लगानीमा सडक बत्ती व्यवस्थापन गर्ने ***"सडक बत्ती व्यवस्थापन ५०/५०"*** कार्यक्रम अगाडी बढाइनेछ ।

५०. आयोजना तथा कार्यक्रमहरुको प्रभावकारिता बढाउन अनुगमन कार्यलाई अझ सशक्त बनाइनेछ ।

५१. नदी, खोला, खोल्सा र खहरेबाट कटान भई क्षतिग्रस्त हुन पुगेका जमिन तथा जोखिममा परेका बजार क्षेत्रहरुको संरक्षण गर्न सम्वन्धित मन्त्रालयहरुसँग आवश्यक बजेटको लागि अनुरोध गरिनेछ ।

५२. अस्थायी प्रकृतिका कार्यहरु तथा पार्क, सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन जस्ता कार्य सेवा करारबाट सम्पादन गरिनेछ ।

***आदरणीय महानुभावहरु***

अब म चालू आ.व.को संशोधित तथा आगामी आ.व.को प्रस्तावित आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

चालू आ.व.मा नगरपालिकाको आन्तरिक आय, नेपाल सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम रु. ९ करोड ४८ लाख २ हजार १ सय ७४ चौहत्तर र ७३ पैसा आय रहने र त्यस मध्ये रु. २ करोड २८ लाख २३ हजार ९ सय ४५ पैंतालिस ७२ पैसा (२४.०७ प्रतिशत) र चालू खर्च र रु. ७ करोड १९ लाख ७८ हजार २ सय २९ र १ पैसा (७५.९३ प्रतिशत) पूँजीगत तर्फको विकास निर्माण कार्यमा खर्च हुने संशोधित अनुमान रहेको छ ।

यसैगरी आगामी आ.व. ०७२/७३ का लागि करिव रु. ९ करोड ७ लाख ५९ हजार को वजेट प्रस्तावित गरेको छु। जसमध्ये रु. २ करोड २४ लाख ३५ पैंतिस हजार (२४.७२ प्रतिशत) चालू तर्फ र रु. ६ करोड ८३ लाख २४ हजार (७५.२८ प्रतिशत) पूँजीगत विकास तर्फ खर्च गर्ने गरी आयव्यय प्रस्ताव गरेको छु।

आ.व. २०७२।७३ को लागि पूँजीगत बजेट तर्फबाट शीर्षकगत रुपमा प्रस्तावित बजेटको विवरण पेश गर्न अनुमति चाहन्छु। निःशर्त पूँजीगत तर्फ प्राप्त बजेट सिलिंग रु. २ करोड १२ लाख ४१ हजारबाट जगेडा कोष कार्यक्रम अन्तर्गत समपूरक कोष - म्याचिङ्ग फण्ड) को लागि रु. १ करोड १० लाख र मर्मत संभारकोष (सडक बोर्ड) तर्फ रु. ५ लाख, संस्थागत क्षमता विकास कार्यक्रम तर्फ रु. ३ लाख ४१ हजार, अध्ययन तथा प्राविधिक परामर्श सेवा तर्फ रु. ३ लाख विनियोजन गरेको छु। लक्षित वर्ग अन्तर्गत महिला लक्षित कार्यक्रमको लागि रु. १३ लाख, बालबालिका लक्षित कार्यक्रम अन्तर्गत रु. १३ लाख र अन्य लक्षित वर्ग आदिवासी जनजाति, दलित, अपाङ्ग र पिछडा वर्गका लागि रु. २० लाख विनियोजन गरेको छु। यसै गरी आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकासको लागि रु. २५ लाख र प्रबर्द्धनात्मक क्षेत्र तर्फ १५ लाख मुख्यतः सडक, सिंचाई, व्यावसायिक कृषि विकास, उर्जा तथा वातावरण, खानेपानी, खेलकुद मैदान सुधार, विद्यालय भवन मर्मत तथा धार्मिक एवं पर्यटकीय क्षेत्रको संरक्षण एवं सम्वर्द्धनमा विनियोजन गरिएको छ।

**यस समारोहमा उपस्थित प्रमुख अतिथि लगायत आदरणीय महानुभावहरु,**

अव म स्थानीय विकास शुल्कको रुपमा प्राप्त हुने सशर्त पूँजीगत अनुदानको विनियोजन तर्फ प्रवेश गर्दछु। यस अन्तर्गत रु. ८३ लाख ३८ हजार प्राप्त हुने अनुमान गरिएको छ र यस बजेट अन्तर्गत नगर सरसफाइ (सरसफाइ कर्मचारीहरुको तलब भत्ता समेत) तर्फ रु. १३ लाख, दमकल संचालन (दमकलमा कार्यरत कर्मचारीहरुको तलब भत्ता समेत) तर्फ रु. ७ लाख ३८ हजार र परामर्शसेवा तर्फ रु. ३ लाख विनियोजन गरेको छु भने भौतिक पूर्वाधार विकासका कार्यक्रम तर्फ रु. ६० लाख विनियोजन गरेको छु।

**आदरणीय उपस्थित महानुभावहरु,**

जगेडा कोष अन्तर्गत रु. ३ करोड प्रस्ताव गरिएको छ र यस अन्तर्गत फोहरमैला निकास स्थल ९ीबलम ँषीं क्ष्तभ० व्यवस्थापन पाँचौं चरण, बसपार्क व्यवस्थापन तेश्रो चरण, धुराबजार कालोपत्रे सडक निर्माण, कुलोखोला पुल निर्माण, क.न.पा. १५, भिमान हाटबजार व्यवस्थापन र धुरासिरान ग्वाङ्कोरिडोर फाँट धाराभञ्ज्याङ् खट्टार कुडुले सडक निर्माण कार्यको लागि रु. ५० लाखका दरले वजेट विनियोजन गरेको छु। यसै गरी सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदान तर्फ विभिन्न सडकहरुको मर्मत सम्भार कार्य गर्नको लागि रु. ३० लाख विनियोजन गरेको छु। नगरपालिकाको आन्तरिक श्रोत न्यून रहेको र सो को ठूलो हिस्सा रकम चालु खर्च हुने भएता पनि रु. ४५ लाख पूँजिगत खर्च गर्ने गरी प्रस्ताव गरेको छु।

**आदरणीय उपस्थित महानुभावहरु,**

यस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थितिका आधारमा हाम्रा विकासका पूर्वाधारहरु तय गर्दै जानु पर्ने अवस्था छ। स्थानीय तहमा क्रियाशील राजनीतिकदलहरु, स्थानीय समुदाय र नगरपालिकाको संयुक्त प्रयासमा स्थानीय स्रोत, साधन र क्षमतालाई परिचालन गरी सामाजिक, आर्थिक तथा संस्थागत र भौगोलिक पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रहरु मार्फत विकासको प्रयासलाई अगाडि बढाउनु आवश्यक छ। हामीसँग उपलब्ध अपार प्राकृतिक सम्पदाहरु, पर्यटकीय संभावनाहरुलाई अत्युत्तम रुपमा उपयोग गरी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नुपर्ने चुनौती हाम्रा सामु विद्यमान रहको छ। यस नगरका धेरैजसो वडाहरु पहाडी भेकको रुपमा रहेका र त्यहाँ अझै पनि आधारभुत पूर्वाधारहरु बन्न नसकेको कारण नगरक्षेत्रको समुचित विकासका लागि यहाँहरु सबैको सहयोग र समन्वय हुनेछ भन्ने अपेक्षा राखेको छु। यहाँहरु सबैको सुझाव, सल्लाह र मार्गदर्शनलाई समेत आत्मसात गरी सरोकारवालाहरु सबैको सल्लाह र सहमतिमा कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिइएको व्यहोरा पुनः निवेदन गर्न चाहान्छु। साथै हामी सबैको सर्वसम्मत प्रयासबाट मात्रै प्रस्तुत कार्यक्रमहरु सफलतापुर्वक सम्पन्न गर्न सकिने यथार्थतालाई मनन् गर्दै हाम्रा असल कार्यका लागि सदैव साथ दिनुहुन र कमजोरी भए समयमै औंल्याई असल पथ प्रदर्शक भई दिनु हुन समस्त महानुभावहरुमा म नगरपालिका र हामी समस्त कर्मचारीहरुको तर्फबाट हार्दिक अनुरोध गर्दछु। अन्त्यमा, नगरपालिकाको विकास निर्माण, सेवा प्रवाह, नीति निर्माण लगायतका क्षेत्रमा उल्लेख्य

सहयोग गर्नुहुने राजनीतिक दलहरु, सरकारी निकाय, कर्मचारी, पत्रकार, सामाजिक संघ संस्था, समाज सेवी, उद्यमी, व्यापारी, शिक्षक, वुद्धिजीवी लगायत समस्त आदरणीय नगरवासीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै वडा भेलादेखि विभिन्न चरणमा सक्रिय रही नगरपरिषद् सम्पन्न गर्ने कार्यमा लागिपर्ने नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**

**प्रवीण ढकाल**

**प्रमुख एवं कार्यकारी अधिकृत**

निर्णय नं. ७१. : यस नगरपालिकाको विद्यमान कर, शुल्क तथा दस्तुरको दररेटमा कुनै परिमार्जन नगर्ने भनी नगरस्तरिय राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा विद्यमान दररेटमा कुनै परिवर्तन तथा संशोधन नगरी स्वीकृत गरी लागू गर्ने ।

निर्णय नं. ७२. नगरपरिषद् सम्पन्न गर्ने क्रममा सहयोग गर्नु हुने सबैमा धन्यवाद ज्ञापनका साथ २० औं नगरपरिषद् सम्पन्न गर्ने ।